बालबालिकालाई निमोनियाबाट जोगाऔं
निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमितरूपमा लगाइने खोपहरू लगाऔं ।
- आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धूलो, धूवाँ, चीसो तथा प्रदूषणबाट बचाऔं ।
- सरसफाइमा उचित ध्यान दिऔं ।
- सङ्क्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर ०७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 22 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८४

## इयरहेड कटिङ पिलर कीराविरुद्धको औषधि वितरण शुरू
# रामनगरीका किसानलाई खेतमैं वितरण

धर्मेन्द्र चौरसिया, पोखरिया, ६ मङ्सिर/ पर्सा जिल्लाको बहुदरमाई नगरपालिका-८ रामनगरीका किसानहरूलाई इयरहेड कटिङ पिलर कीराको प्रकोपबाट जोगिनका लागि विज्ञहरूको टोलीले साइपरमेर्थिन-२५ सुपर साइप्रिन नामक कीटनाशक औषधि वितरण गरेको छ। तीन प्रकारका फौजी कीरामध्ये एक इयरहेड कटिङ पिलर कीराको प्रकोपले पर्सा जिल्लाका विभिन्न पालिकाहरूमध्ये सबैभन्दा बढी बहुदरमाई नपा-८ रामनगरीका किसानहरूको धानबालीलाई क्षति पुऱ्याएको कारण बिहीवार त्यहाँका ३० जना किसानलाई सो कीराविरुद्धको कीटनाशक औषधि वितरण गरिएको थियो ।


विज्ञ टोली रामनगरीको खेतमा । तस्वीरः प्रतीक

बाली संरक्षण प्रयोगशाला सिराहाका प्रमुख महेश महतो र बाली संरक्षण अधिकृत उमेश थापाले रामनगरीका किसानहरूलाई उनीहरूकै खेतमा पुगेर औषधि वितरण गरेका थिए। इयरहेड कटिङ पिलर कीराविरुद्धको यो औषधि राति धानबालीमा छर्न सुझाइएको थियो। काटेको धानबालीमा औषधिले असर नगर्ने भन्दै विज्ञहरूले नकाटेको धानबालीमा प्रति एक लिटर पानीमा डेढ एमएल औषधि राखेर छर्न सुझाए । विज्ञहरूले औषधि छर्ने कार्यसँगै आफ्नो धानबाली चाँडोभन्दा चाँडो कटान गरी भित्र्याउन पनि सल्लाह दिए ।

यस अघि मङ्सिर ३ गते बाली संरक्षण प्रयोगशाला सिराहाका प्रमुख महतो, बाली संरक्षण अधिकृत थापा र कृषि प्राविधिक लक्ष्मी अधिकारीको टोलीले रामनगरीमा स्थलगत निरीक्षण गरेका थिए। रामनगरीमा किसानहरूलाई कीटनाशक औषधि वितरण गर्दै विज्ञहरूले अन्य किसानहरूलाई भने कृषि ज्ञान केन्द्र, वीरगंजमा सम्पर्क गरेर औषधि लिन आग्रह गरे । विज्ञहरूको सुझावमा अहिले पर्साका किसानहरूलाई प्रति चार कट्ठामा पुग्ने सो कीराविरुद्धको




साइपरमेर्थिन-२५ सुपर साइप्रिन नामक कीटनाशक वितरण गरिने भएको छ ।

पर्सा जिल्लाको गण्डक नहरको उत्तरतर्फ रहेका ठोरी, जीराभवानी, पटेर्वासुगौली, पर्सागढीलगायतका थरुहट क्षेत्रमा इयरहेड कटिङ पिलर कीराको प्रकोप देखा परेको छैन। तर दक्षिणतर्फ बझियान क्षेत्रका बहुदरमाई, पोखरिया नपा, सखुवाप्रसौनी, विन्ध्यवासिनी, छिपहरमाई, धोबिनी, पकाहामैनपुर, कालिकामाई गापामा इयरहेड कटिङ पिलर कीराले व्यापक क्षति पुऱ्याएको प्रतीक दैनिकले समाचार प्रकाशन गरेपछि मधेस प्रदेश सरकार अन्तर्गतको कृषि मन्त्रालयले तीन सदस्यीय विज्ञको टोली पठाएको थियो ।

अहिले इयरहेड कटिङ पिलर कीराको प्रकोप पर्सा, बारा र रौतहटमा पनि देखिएको छ। इयरहेड कटिङ पिलर कीरा दिनभरि धानको जरामुनि बस्ने र राति सक्रिय हुने गरेको किसानहरूले बताएका छन् । किसानहरूले बालालाई काटेर खेतमा झार्ने गरेकाले पनि ठूलो मात्रामा धानबालीको क्षति भइरहेको बताएका छन् ।

# ३०६ जना बालबालिकालाई स्वर्णबिन्दु खुवाइयो

प्रस, वीरगंज, ६ मङ्सिर/

प्रादेशिक आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय वीरगंजले बालबालिकाको लागि बिहीवार स्वर्णबिन्दु खोपको थोपा खुवाएको छ। प्रत्येक महीना पुष्य नक्षेत्रका दिन प्रादेशिक आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय वीरगंजले जन्मेदेखि पाँच वर्ष पुगेका बालबालिकाहरूलाई स्वर्णबिन्दुको थोपा खुवाउँदै आएको छ।



बालबालिकाको मस्तिष्कको विकास एक वर्षदेखि पाँच वर्षबीच सबैभन्दा बढी हुने गरेको र स्वर्णबिन्दु कार्यक्रमले उनीहरूको मानसिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले बालबालिकालाई स्वर्णबिन्दु खुवाउन एकदमै जरुरी हुने प्रादेशिक आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय वीरगंजका प्रमुख डा शिवनारायण गुप्ताले बताए ।

(बाँकी अन्तिम पातामा)

## विषयतगत शिक्षक माग गर्दै विद्यालयमा तालाबन्दी
# अविलम्ब व्यवस्थापन गर्ने आश्वासनपछि ताला खुल्यो

प्रस, पोखरिया, ६ मङ्सिर/

कालिकामाई गाउँपालिका-१ मुडलीस्थित जनता माध्यमिक विद्यालयका विद्यार्थीहरूले बिहीवार लगाएको ताला सहमतिमा खुलेको छ ।

विषयगत शिक्षक नभएर पठनपाठन प्रभावित भएको भन्दै विद्यार्थीहरूले आज सो विद्यालयमा तालाबन्दी गरी प्रदर्शन गरेका थिए। उनीहरूले बिहान नाराबाजी गर्दै विद्यालयको मूलद्वारमा तालाबन्दी गरेका थिए ।

कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूले शैक्षिक सत्र शुरू भएको सात महीना बितिसक्दा पनि विज्ञान, सामाजिक, अर्थशास्त्र र अङ्ग्रेजी विषयका शिक्षकहरू नभएको र त्यसको व्यवस्थापन गर्नेतर्फ पहल नभएको भन्दै विद्यार्थीहरू आक्रोशित भएका थिए ।

प्रदर्शनमा सहभागी विद्यार्थीहरूले विषयगत शिक्षकको व्यवस्था गर्न विद्यालय प्रशासनलाई पटकपटक ध्यानाकर्षण गराउँदासमेत चासो नलिएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको बताएका छन् ।

विद्यालय स्रोतका अनुसार तीनजना विषयगत शिक्षक नियुक्तिका लागि चार महीना पहिले विद्यालय प्रशासनले आवेदन माग गरेको थियो । तर प्रधानाध्यापक राजेश तिवारी, वडाध्यक्ष एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालबाबू चौरसिया र सहायक प्रधानाध्यापक जयप्रकाश चौरसियाबीच शिक्षक नियुक्तिमा भागबन्डा नमिल्दा नियुक्ति प्रक्रिया स्थगित गरिएको थियो ।

विद्यालय व्यवस्थापन समितिका


विरोध गर्दै विद्यार्थीहरू । तस्वीरः प्रतीक

अध्यक्ष चौरसियाले विषयगत शिक्षकको अभाव रहेको स्वीकारेका छन् । उनले चार महीना पहिले विज्ञानलगायतका विषयगत शिक्षक नियुक्तिका लागि विज्ञापन आह्वान गरेको भएपनि केही कारणवश स्थगित गर्नुपरेको बताए ।

विद्यार्थीहरूको प्रदर्शनपछि आज गापाध्यक्ष वशिष्टकुमार गुप्ता, वडाध्यक्ष एवं विव्यसका अध्यक्ष चौरसिया, प्रअ तिवारी, अभिभावक, विद्यार्थीहरूसमेतको सहभागितामा चाँडो प्रक्रिया पूरा गरी अविलम्ब विषयगत शिक्षक नियुक्त गर्ने विषयमा सहमति भएको र तालाबन्दी खोलाइएको थियो ।

# भूमि आयोगहरूले काम गर्न सकेनन् -नगरप्रमुख पाठक

नरेश यादव, पर्सागढी, ६ मङ्सिर/

'सुरक्षित घरबास सबैलाई, खेतीयोग्य जमीन किसानलाई' नाराका साथ भएपछि अस्तित्वमा आएको बताए । नगरप्रमुख पाठकले भूमिहीनहरूको लागि भूमि व्यवस्थापन गर्ने उद्देश्यले बनेका तीन दिनसम्म सञ्चालन हुने कार्यक्रममा सङ्गठन विकास, संस्था नवीकरण, सदस्यता वितरण, विगतका




पर्सागढी नगरपालिकामा सङ्गठन एवं अभियान सुदृढीकरणका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला भूमि अधिकार मञ्चको आयोजना तथा राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि सञ्जालको सहकार्यमा पर्सागढी नपा-३ मा आयोजित अभिमुखीकरण कार्यक्रममा नगरप्रमुख गोकर्ण पाठकले राष्ट्रिय भूमि अधिकार मञ्च सुरक्षित घरबास र खेतीयोग्य जमीन नभएका जनतालाई सरकारबाट जमीन उपलब्ध गराउनका लागि पहल गरिदिने संस्था भएको बताए ।

उनले आम मानिसको कुरालाई यो संस्थाले सरकारसमक्ष पुऱ्याउने काम गर्दै आएको बताए । उनले पछिल्लो समयमा यो संस्था नेपालको संविधान २०७२ जारी भूमि आयोगहरू थुप्रैपटक बनेका तर काम भने गर्न नसकेको गुनासो पोखे । उनले पर्सागढीमा भूमिहीनहरूको सङ्ख्या बढी भएको र अहिलेसम्म नापजोख गर्ने, गुठीको जग्गा वितरण गर्ने अधिकार नभएको कुरा गर्ने जस्ता कार्यहरू मात्र भएको र वास्तविक सुकुमबासीहरूलाई पुर्जा दिने कार्यबाट वञ्चित पारिएको आरोप लगाए । यो समस्याको समाधान सरकारले चाँडो गर्नुपर्ने उनले सुझाए । जग्गामा बसोबास छ तर कागजपत्र छैन, यसको स्थायी समाधान हुनुपर्ने उनको जिकिर थियो ।

वडाध्यक्ष सुकमान तामाङले नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा यो समस्याबारे आफैं गएर जानकारी गराएको र ज्ञापनपत्र बुझाएको बताए । समस्या समाधान गर्नेगरी कुनै पनि सरकारले काम नगरेको उनको आरोप थियो ।

आयोगका लगत सङ्कलन, जग्गा नापजाँच र सहजीकरण भूमिकामा थप उत्साह हौसला प्रदान गर्ने, हाल भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालयले प्रकाशन गरेको कार्यदिशाबारे जानकारी गराइ उनीहरूको सवाल र यस अघि भएका ज्ञान, सीप, क्षमता वृद्धि गराउने जस्ता विषयमा राष्ट्रिय भूमि अधिकार मञ्चका कोषाध्यक्ष पार्वती धामी र प्रदेश सचिव अनुप माझीले प्रशिक्षण दिनेछन् ।

कार्यक्रममा पर्सागढी, ठोरी, पटेर्वासुगौली, सखुवाप्रसौनी गापाबाट भूमिहीनहरूको सहभागिता छ । जिल्ला अध्यक्ष सञ्जय पहरीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य बिन्दु श्रेष्ठ, प्रदेश उपाध्यक्ष सीता लामालगायतको सहभागिता छ । कार्यक्रमको सहजीकरण पूर्वअध्यक्ष दीपेश नेपालले गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**जीवन छोटो छ, भविष्यको सुर्ता नगरौं, आज जिम्मेवार बनौं, भविष्य झक मारेर राम्रो हुनेछ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# ऋणको भार

**नेपालको सार्वजनिक ऋण हरेक वर्ष वृद्धि भइरहेको छ। चालू आर्थिक वर्षमा सरकारले चालू आवको लागि पाँच खर्ब ४७ अर्ब रुपैयाँ सार्वजनिक ऋण लिने लक्ष्य राखेको छ। सोमध्ये पहिलो चौमासिकसम्म आइपुग्दा एक खर्ब ६५ अर्ब ७२ करोड रुपैयाँ ऋण प्राप्त भइसकेको छ। यो वार्षिक लक्ष्यको ३० दशमलव ३० प्रतिशत हो। पहिलो चौमासिकसम्म आइपुग्दा सार्वजनिक ऋणको भार २५ खर्ब १८ अर्ब पाँच करोड रुपैयाँ पुग्यो। आवको अन्तसम्म वा हरेक चौमासिक यही अनुपातमा ऋण वृद्धि हुने देखियो। ऋण भन्ने बित्तिकै आत्तिहाल्नुपर्दैन, मुख्य कुरा यसरी लिएको ऋण राष्ट्रिय पूँजी निर्माणमा कति उपयोग भइरहेको छ ?**

**ऋण पनि दुई प्रकारको हुन्छ, जसको असर पनि फरकफरक छ। सरकारले आन्तरिक र बाह्य स्रोतहरूबाट ऋण लिने गर्छ। यस आर्थिक वर्षको लक्ष्यमध्ये ३३० अर्ब रुपैयाँ आन्तरिक ऋण र २१७ अर्ब रुपैयाँ बाह्य ऋण उठाउने सरकारको लक्ष्य छ। पहिलो चौमासिकमा आन्तरिक ऋण लक्ष्यको ४३.६४ र बाह्य ऋण लक्ष्यको मात्र १०.१० मात्र प्राप्त भएको छ। चालू आवमा सरकारले ऋणको साँवा र ब्याज तिर्नका लागि ४०२ अर्ब रुपैयाँ बजेट छुट्याएको थियो। कात्तिक मसान्तसम्म १०८ अर्ब रुपैयाँ भुक्तानी गरिसकेको छ। पहिलो चौमासिकमा तिरेको रकम कुल गार्हस्थ्य उत्पादनको १.९० प्रतिशत हो। कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशतभन्दा बढी साँवा र थोरै ब्याज तिर्नमा गइरहेको छ। नेपालजस्तो विकासशील देशमा यो अवस्थाले ऋणको दिगोपन र यसको प्रभावकारी उपयोगितामाथि गम्भीर चिन्ता उत्पन्न गर्छ। ऋण लिनु आफैंमा समस्या होइन। विकसित एवं सम्पन्न मुलुकहरूमा पनि सार्वजनिक ऋणको मात्रा उच्च छ। उदाहरणको लागि, जापानको सार्वजनिक ऋण उसको कुल गार्हस्थ्य उत्पादनको २२१ प्रतिशत छ। तर उनीहरू अधिकांश ऋण वैदेशिक होइन, आन्तरिक हुने गर्छ। आन्तरिक ऋणले राष्ट्रिय अर्थतन्त्रलाई कमजोर बनाउँदैन। नेपालमा भने समस्या फरक छ। यहाँ कुनै बेला आन्तरिकभन्दा पनि बाह्य ऋण बढी भइदिन्छ। मुलुकको अर्थतन्त्रको संवेदनशीलता अनुसार आन्तरिक ऋण धेरै लिन सकिने अवस्था पनि छैन।**

**हाम्रो निजी क्षेत्र दरिलो नभएको कारण आन्तरिक ऋण धेरै लिंदा निजी क्षेत्र जोखिममा पर्ने देखिन्छ। सरकारले बैंक तथा वित्तीय संस्थाबाट धेरै ऋण लिन थाल्यो भने निजी लगानीकर्ताको लागि स्रोत सीमित हुन्छ। यसले उद्योग–व्यवसायलाई सुस्त बनाउँछ। यसो भएमा रोजगारको सङ्कट उत्पन्न भइदिन्छ। बाहिरी ऋण नै लिए पनि मुख्य समस्या नेपालमा लिएको ऋण कतिको उत्पादनशील र पूँजी निर्माणमा उपयोग भइरहेको छ भन्ने प्रस्ट छैन। उत्पादनशील क्षेत्रमा लगानी गर्नुको सट्टा अनुत्पादक तथा अप्रभावकारी क्षेत्रमा प्रयोग भइरहेको छ। बाह्य ऋणको हकमा, तिर्ने क्षमतामाथि चुनौतीहरू खडा भइरहेका छन्। अर्थतन्त्रको ठूलो हिस्सा ऋणको साँवा र ब्याज भुक्तानीमा खर्चिंदा ऋण आर्थिक वृद्धिको साधनभन्दा भार बन्दै गएको छ। यसर्थ अब सरकारले कुन प्रकारको ऋण लिने र त्यसलाई कसरी प्रयोग गर्ने भनेर निर्धारण गर्नुपर्छ। लिइएको ऋण ऊर्जा, पूर्वाधार, कृषि र शिक्षाजस्ता उत्पादनशील क्षेत्रमा मात्रै लगानी गर्नुपर्छ। ऋण लिने प्रक्रिया, यसको खर्च र परिणाम पारदर्शी हुनुपर्छ। ऋणबाट सञ्चालित परियोजनाहरूको अनुगमन स्वतन्त्र निकायले गर्नुपर्छ।**

# अमेरिकी राष्ट्रपतिको निर्वाचन

स्वतन्त्र विचार



विनोद गुप्ता

**तर ट्रम्पको ताइवानप्रतिको नयाँ अवधारणा र पेरिस सम्झौताबाट फिर्ता हुने र आप्रवासीलाई आआफ्नो देश फिर्ता पठाउने योजनाको कार्यान्वयनबाट यस भेगका राष्ट्रहरूमा ठूलो प्रतिकूल प्रभाव पार्नेछ। यसबाट नेपाल पनि जोखिममा पर्न सक्ने देखिन्छ।**

विश्वकै शक्तिशाली राष्ट्र अमेरिकाले आफ्नो इतिहासमा पहिलोपटक अपराधमा दोषी ठहर भएको व्यक्ति डोनाल्ड ट्रम्पलाई आफ्नो राष्ट्रपति निर्वाचित गरेको छ। उनको प्रतिद्वन्द्वी डेमोक्रेटिक दलबाट उपराष्ट्रपति पदमा निर्वाचित कमला ह्यारिस रहेकी थिइन्। डोनाल्ड ट्रम्पको चुनावी खर्च ३५ करोड डलर र ह्यारिसको ८५ करोड डलर खर्च भएको तथ्याङ्क सार्वजनिक भएका छन्। सर्वेक्षण मतमा डोनाल्ड ट्रम्पको ४९ प्रतिशत र ह्यारिसको ५० प्रतिशत तथा अमेरिकी ABC टेलिभिजनले गरेको अन्तिम मत सर्वेक्षणमा दुवै उम्मेदवारले बराबर अर्थात् ४९/४९ प्रतिशत मत प्राप्त गर्ने सम्भावना देखाइएको भएपनि अमेरिकाको ५० राज्यबाट मतदानका आधारमा कुल ५३८ इलेक्ट्रोरल कलेज अर्थात् निर्वाचकमण्डलको छनोट हुन्छ, जसले राष्ट्रपतिको छनोट गर्छ। राष्ट्रपतिमा निर्वाचित घोषणा हुन कम्तीमा २७० निर्वाचकमण्डलबाट छनोट हुन आवश्यक हुन्छ। र ट्रम्पले यो सङ्ख्या पार गरे। मतगणनाको नतीजा हेर्दा सबै सर्वेक्षणलाई उछिन्दै ट्रम्पले ३१२ निर्वाचकमण्डलको मत प्राप्त गरेका छन्। मिसिगन, एरिजोना, जर्जिया, नवादा, नर्थ क्यारोलिना, पेन्सिलभानिया र विस्कन्सिन राज्यहरूबाट ९३ निर्वाचकमण्डलको परिणाम आउन केही समय लाग्न सक्ने भएपनि ११ डिसेम्बर भने विजेताले प्रमाणपत्र पाउने मिति रहेकोले सबै राज्यका निर्वाचन आयोगले निर्वाचन परिणाम प्रमाणित गरिसकेपछि १७ डिसेम्बरमा निर्वाचकले निर्वाचकमण्डल मतदान गर्नेछ र कङ्ग्रेसले सन् २०२५ को जनवरी ६ मा सम्पन्न गरी २० जनवरीमा राष्ट्रपतिको शपथ ग्रहण सम्पन्न हुनेछ।

यस निर्वाचनमा डेमोक्रेटिक दलका उम्मेदवार कमला ह्यारिसले गाजा युद्धमा ४० हजारभन्दा बढी प्यालेस्टिनीको मृत्यु भइसकेको र दुई लाखभन्दा बढी विस्थापित भइसकेको उल्लेख गर्दै यस युद्धलाई अन्त गर्ने, बन्धकलाई घर फिर्ता गर्ने प्यालेस्टिनी जनताको सुरक्षाको अधिकार सुनिश्चित गर्नुका साथै सन् २०२२ मा अमेरिकी सर्वोच्च अदालतले गर्भपतनको संवैधानिक अधिकार खारेज गरेकोलाई स्थापित गर्ने घोषणा गर्नुभएको थियो भने प्रतिद्वन्द्वी ट्रम्पले 'मेक अमेरिका ग्रेट अगेन'को आफ्नो पुरानो नारालाई नै निरन्तरता दिंदै आप्रवासनलाई नियन्त्रण गर्ने उद्घोष गर्दै चुनाव लडेका हुन्। आप्रवासीलाई कुनै अधिकार नदिने र आफ्नै मुलुक फिर्ता पठाउने र अमेरिका र मेक्सिकोबीचको पर्खालको निर्माण पूरा गर्ने पनि भनेका छन्। ४७ बुँदाको आफ्नो घोषणापत्रमा 'अमेरिका पहिलो'को नीति अन्तर्गत उनी विदेशी सामानमा ६० प्रतिशतसम्म शुल्क पुऱ्याउने पक्षमा छन्। यो मुख्यतः चीन लक्षित छ र यसरी शुल्क बढाएर उनी अमेरिकी उत्पादनलाई पुनर्स्थापित गर्न चाहन्छन्। यसबाट उनको कार्यकालमा पहिला जस्तै अमेरिका–चीन व्यापार युद्ध चर्कने सम्भावना देखिन्छ। उनले यसका साथै कर कटौतीको घोषणा पनि गरेका छन्। जुन खर्बौं डलरको हुने अनुमान गरिएको छ र यस कटौतीको भरपाई अर्थव्यवस्थाको वृद्धिबाट गर्ने र महँगीसमेत नियन्त्रण गर्ने दाबी गरेका छन्। उनी युक्रेन युद्धको अन्त र मध्यपूर्वमा इजरायललाई समर्थन गर्ने पक्षमा रहेका छन् भने गर्भपतनको सम्बन्धमा समेत ठोस निर्णय गर्ने बताएका छन्।

अमेरिकामा भएको यस निर्वाचन र डोनाल्ड ट्रम्पको विजयले विश्वकै राजनीतिक रङ्गमञ्चमा परिवर्तन ल्याउन सक्ने आकलन गर्न सकिन्छ। आन्तरिकरूपमा प्रोजेक्ट २०२५ भनेर तयार पारिएको एक डकुमेन्टका अनुसार ट्रम्पले कम्तीमा आफूप्रति प्रतिबद्ध ५० हजार व्यक्तिलाई पुरानालाई हटाएर स्थान दिनेछन् र कतिपय फेडरल एजेन्सीहरू जस्तै न्याय, ऊर्जा, शिक्षा तथा एफबिआईका साथै फेडरल रिजर्भलाई आफ्नो नीतिनियम अन्तर्गत नियन्त्रण गर्न सक्नेछन्।

बाह्यरूपमा सबै विदेशी आयातमा २० प्रतिशत र चीनको हकमा ६० देखि २०० प्रतिशतसम्मको शुल्क वृद्धि हुन सक्छ। यसबाट प्रतिशोधमा आधारित व्यापारिक युद्ध खासगरी चीनसँग हुन सक्ने देखिन्छ। त्यस्तै, वातावरणीय पेरिस सन्धिबाट फिर्ता हुने र अमेरिकी तेल कम्पनीहरूलाई तेल र ग्याँसको उत्पादनमा छुट दिने नीति रहेको देखिन्छ, जसले वातावरणमा थप सङ्कट कार्बन उत्सर्जनका कारक पैदा हुन सक्छ। त्यस्तै, रूस–युक्रेन युद्धको हकमा रूसको शर्तमा युक्रेनलाई युद्ध अन्त गर्नेगरी दबाब दिने उनको योजना छ भने नाटोलाई कमजोर बनाउनुका साथै ताइवानको सम्बन्धमा महत्त्वपूर्ण नीति परिवर्तन गर्ने योजना अन्तर्गत उनले "ताइवानले हामीलाई उसको प्रतिरक्षा गरेबापत शुल्क तिर्नुपर्ने" भनाइबाट सार्वजनिक भएको छ।

चीनसँगको अमेरिकाको व्यापारिक प्रतिस्पर्धा मुख्यतः व्यापार र प्रविधिको श्रेष्ठता कायम राख्नेमा आधारित देखिन्छ। चीनसँगको अमेरिकाको व्यापारिक प्रतिस्पर्धाले एशिया र खासगरी दक्षिण एशियामा लगानीको अवसर बढ्ने अपेक्षा गर्न थालिएको छ। चीनबाट बहुराष्ट्रिय कम्पनीहरूको बहिर्गमनबाट दक्षिण एशियाका राष्ट्रहरू र खासगरी 'इन्डो गँगेटिक डेल्टा'मा अवस्थित देशहरू यथेष्ट जनसङ्ख्याका कारण मानव संसाधनमा धनी भएकाले उद्योगहरू स्थापित हुन सक्ने र त्यसबाट दक्षिण एशियाको आर्थिक विकासमा वृद्धि हुने अपेक्षा गरिएको छ। प्रविधिको हकमा यो लडाइँ सेमिकन्डक्टरको हो। अमेरिका यस्ता उच्च प्रविधिका सेमिकन्डक्टरहरूमा आफ्ना सहयोगी राष्ट्रहरू ताइवान, दक्षिण कोरिया र नेदरल्यान्ड्सको हातमा नै रहोस् भन्ने चाहन्छ।

ताइवानले मात्रै अहिले विश्वको ९० प्रतिशत माग धानिराखेको छ। तर ट्रम्पको ताइवानप्रतिको नयाँ अवधारणा र पेरिस सम्झौताबाट फिर्ता हुने र आप्रवासीलाई आआफ्नो देश फिर्ता पठाउने योजनाको कार्यान्वयनबाट यस भेगका राष्ट्रहरूमा ठूलो प्रतिकूल प्रभाव पार्नेछ। यसबाट नेपाल पनि जोखिममा पर्न सक्ने देखिन्छ। ट्रम्पको पहिलो कार्यकालमा पेरिस सम्झौता, त्यस्तै विश्व स्वास्थ्य सङ्गठन र यौनिक एवं प्रजनन स्वास्थ्य कार्यक्रमबाट अलगिने र गर्भपतनको अधिकारलाई खारेज गर्ने जस्ता कार्यहरूबाट नेपाललाई पनि असर परेको थियो।

त्यसैले २५ अप्रिल १९४७ मा नेपालसँग दौत्य सम्बन्ध स्थापित गरेको अमेरिकाले नेपालमा औलो उन्मूलन, पिस कर्प्सका साथै गर्दै आएको सहयोगी कार्यमा असर नपरे पनि उसले विश्वव्यापीकरणको आजको समयमा कार्यान्वयन गर्ने विभिन्न नीतिनियमले हाम्रो आफ्नो अर्थतन्त्र बलियो नभएकोले नकारात्मक असर पर्नुका साथै आप्रवासन नीतिको कठोरता र कार्बन उत्सर्जनको सहयोगका ठूलो असर पर्न सक्छ।

# पाँच दिनमा चार लाख जरिवाना असुल

## भन्सारदेखि मितेरी पुलसम्म अनधिकृत पार्किङ जारी

प्रस, परवानीपुर, ६ मङ्सिर/

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले वीरगंज वरपरको क्षेत्रमा ट्राफिक नियम उल्लङ्घन गर्नेलाई कारबाही गरी पाँच दिनमा रु चार लाख जरिवाना असुल गरेको छ। रजतजयन्ती चोकदेखि गण्डक चोकसम्म बाइपास र ४० फिटे इनरबाइपास सडक किनारमा नियमविपरीत सवारी पार्किङ गर्नेहरूलाई कारबाही गरेर मङ्सिर १ देखि ५ गतेसम्म चार लाख पाँच हजार जरिवाना असुल गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख ट्राफिक प्रहरी निरीक्षक लोकराज भट्टले बताए। उनले यस अवधिमा दैनिक ३० भन्दा बढी सवारीसाधनलाई ह्वील लक गरिएको र ४६१ साना/ठूला सवारीसाधनलाई कारबाही गरिएको बताए। बाइपास, इनरबाइपास र महानगरका विभिन्न क्षेत्रमा सवारीसाधन जथाभावी सवारीसाधन राख्नेहरूलाई कारबाही गरिएको बताए। उनले महानगरका विभिन्न स्थानमा अनधिकृत पार्किङ गर्ने सवारीसाधनसहित नगर क्षेत्रका मुख्य सडक र सहायक सडकहरूमा ट्राफिक नियम पालना नगरेर सवारीसाधन सञ्चालन गर्नेहरूलाई चेकजाँच बढाएर कारबाही भइरहेको बताए। सवारी दुर्घटना न्यूनीकरण र ट्राफिक नियम पालनातर्फ चालकहरूलाई जिम्मेवार बनाउन ट्राफिक नियम पालना कार्यक्रमलाई गति प्रदान गरिएको बताए। प्रनि भट्टले मङ्सिर ५ गतेसम्म २०८ वटा ट्रक र ट्याङ्करबाट दुई लाख ३७ हजार, ३५ वटा कार, जीप र भ्यानबाट २६ हजार, १७ वटा टेम्पोबाट १५ हजार,



सातवटा बस, मिनीबसबाट छ हजार पाँच सय, ११ वटा ट्याक्टरबाट नौ हजार पाँच सय, १८३ वटा मोटरसाइकलबाट एक लाख १० हजार पाँच सय गरी कुल ४६१ वटा सवारीसाधनबाट चार लाख पाँच हजार राजस्व सङ्कलन गरिएको बताए।

जिल्ला ट्राफिक कार्यालय पर्साले नियमविपरीत सवारी पार्किङ अभियान चलाइरहँदा यसको असर भने वीरगंज भन्सार कार्यालयदेखि मितेरीपुलसम्मको क्षेत्रमा भने लागू गर्न सकेको छैन। वीरगंज भन्सार कार्यालयदेखि मितेरीपुलसम्म कैयन महीनादेखि भारतीय सवारीसाधनहरूको अनधिकृत पार्किङ जारी छ। खासगरी चार चक्के सवारीसाधन २४सैं घण्टा सो क्षेत्रमा पार्किङ गरिन्छन्। भन्सारमा सशस्त्र प्रहरीको गस्ती टोली सक्रिय छ, त्यसपछि इनर्वा प्रहरी चौकी अनि त्यसपछि पनि सशस्त्रको टोली परिचालित छन्। तर पनि महीनौंदेखि सो क्षेत्रमा भारतीय सवारीसाधनहरूको अनधिकृत पार्किङ जारी छ। नेपाली नागरिकहरूले भारतीय नागरिकको नाममा भन्सार राजस्व छली गर्न भारतीय नम्बरको चार चक्के सवारीसाधन खरीद गर्ने र भन्सार बिन्दुमा अनधिकृत पार्किङ गर्दै आएको स्थानीयले बताए। यो अनधिकृत पार्किङबाट सशस्त्र र जनपद प्रहरीले आर्थिक लाभ लिइरहेको बताइन्छ।

## बालअधिकारबारे प्रशिक्षण

प्रस, वीरगंज, ६ मङ्सिर/

समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत विश्व बाल दिवसको अवसरमा ग्रीनसिटी सामुदायिक सेवा केन्द्र र रूँगटा वेलफेयर सोसाइटीको संयुक्त आयोजनामा बुधवार वीरगंज महानगरपालिका, आदर्शनगरस्थित आमाको माया छात्रावासका बालबालिकाहरूलाई बाल अधिकारबारेमा प्रशिक्षण दिइएको छ।

प्रहरी चौकी आदर्शनगरका प्रहरी नायब निरीक्षक स्वप्निल देवकोटाले नेपालको संविधानले बालबालिकालाई प्रदान गरेका हकअधिकार, बालबालिकाविरुद्ध हिंसा, यौन दुर्व्यवहार, कानूनले निर्धारण गरेको सजायलगायत लागूऔषधका बारेमा प्रशिक्षण दिएका थिए।

## फरार सूचीका छजना पक्राउ

प्रस, वीरगंज, ६ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, बाराले अदालतबाट दण्ड सजाय भएपछि फरार सूचीमा रहेका छजनालाई पक्राउ गरी बिहीवार अदालतमा हाजिर गराएको छ।

बारा प्रहरीका प्रवक्ता प्रनाउ प्रकाश सापकोटाले मातहतका प्रहरी चौकीहरूले चेक अनादर, हातहतियार खरखजाना, सवारी ज्यान र लागूऔषध मुद्दामा बारा जिल्ला अदालतबाट कैद जरिवाना भएपछि फरार छजनालाई पक्राउ गरी आज बारा जिल्ला अदालतमा हाजिर गराएको बताए। उनले सुवर्ण गापा–२ कबही बस्ने राजीव दास, धर्मवीर यादव, सिम्रौनगढ नपा–८ का अनिरुद्ध यादव, निजगढ नपाका मङ्गल पाखिन, कलैया उपमहानगरपालिका–१८ मोतिसरका श्याम बैठा र कलैया उपमहानगर–१२ का मनोज साहलाई पक्राउ गरिएको बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

## के विकास नभएको नै हो ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**हाम्रो भूगोल, सामाजिक संस्कृति, परम्परा आदिले पनि हामीलाई तीव्र गतिमा विकास गर्न दिइरहेको छैन। देशको राजनीति र नेताहरूको व्यवहार पनि आर्थिक विकासको लागि प्रतिकूल छ। यी यथार्थ कुरा हुन्। तर यी यस्ता कुराहरू हुन् जसलाई सुधार्न सकिन्छ।**

नेपालमा भएका राजनीतिक परिवर्तनहरूमध्ये २०४६ सालमा भएको राजनीतिक परिवर्तनलाई ज्यादै महत्त्वपूर्ण राजनीतिक परिवर्तनको रूपमा लिने गरिन्छ। यो परिवर्तनले नेपालको राजनीतिक व्यवस्थामा मात्र होइन, आर्थिक अवस्थामा पनि परिवर्तन ल्याउने विश्वास गरिएको थियो। देशको आर्थिक अवस्थामा सुधार हुने, रोजगारको क्षेत्र विस्तारित भएर सामान्य जनताको आम्दानीमा ठूलो वृद्धि हुने विश्वास गरिएको थियो। र सोही विश्वासले नेपाली जनतालाई पञ्चायती व्यवस्था विरुद्ध सडकमा आउन, आन्दोलन गर्न प्रेरित गरेको थियो।

२०४६ सालको राजनीतिक परिवर्तन पछि नेपालको आर्थिक स्थितिमा खासै सुधार आएन। नयाँनयाँ उद्योगहरूको स्थापना त भएन नै, भएका उद्योगहरूको पनि संरक्षण हुन सकेन। उद्योग र व्यापारको क्षेत्र अभूतपूर्व किसिमले सङ्कुचत भएर रोजगारको स्तर वृद्धि हुन सकेन। उल्टो देशमा बेरोजगारी बढेर रोजगारका लागि नेपाली युवाहरू संसारका अन्य मुलुक पुग्नुपर्ने बाध्यात्मक स्थिति सृजना भयो। नेपाल आर्थिकरूपमा ज्यादै कमजोर हुन पुग्यो। यस्तो भन्नेहरूको सङ्ख्यामा नेपालमा धेरै छ।

के नेपालमा आर्थिक विकास नभएको नै हो त ? यस प्रश्नको उत्तर दिन सजिलो भने छैन। यो प्रश्न आफैंमा ज्यादै जटिल छ। नेपालमा आर्थिक विकास भएको छैन भनौं भने अहिले नेपालीहरूको पहुँच अन्तर्राष्ट्रिय श्रम बजारसम्म पुगेको छ। अहिले नेपालीहरूको आफ्नो श्रम, ज्ञान र सीप बिक्री गर्न अन्तर्राष्ट्रिय श्रम बजारहरूमा पुग्न सफल भएका छन्। खाडीका अनेक देशमा नेपाली युवाहरूको बाक्लो उपस्थिति त छ नै, अमेरिका, अस्ट्रेलिया, कनाडालगायत युरोपका अनेक देशहरूमा समेत नेपाली युवाहरूको उल्लेखनीय उपस्थिति छ। अन्तर्राष्ट्रिय श्रम बजार नेपालीहरूको लागि अहिले आय आर्जन गर्ने अति लाभदायक स्थल हुन पुगेको छ। अन्तर्राष्ट्रिय श्रम बजारले नेपालीहरूको आर्थिक जीवनमा अति नै सकारात्मक प्रभाव पारेको छ।

नेपाल भित्रै पनि सडकहरूको विस्तार भएको छ। राजमार्गहरूको लम्बाइ वृद्धि भएको छ। नयाँनयाँ सडकहरूको निर्माण भएको छ। जुन स्थानमा पहिले पैदल हिंड्न कठिन थियो, अहिले त्यहाँ सडक पुगेको छ, सवारीका साधनहरू पुगेका छन्। कार पुगेका छन्, बस पुगेका छन्। तराई होस् वा पहाड, त्यस क्षेत्रका अनेक बजारहरू सडकसँग जोडिएका छन्। ग्रामीण बजारहरूमा आर्थिक कारोबार बढेको छ।

गाउँका घरहरू, जसका छाना खर वा ढुङ्गाका थिए अहिले पक्की बनेका छन्। मोटर, मोटरसाइकल आदिको सङ्ख्यामा व्यापक वृद्धि भएको छ। सुन, चाँदीका गहनाहरूको बजारमा ठूलो माग छ। गरगहनाका अनेक पसल खुलेका छन्। विलासी वस्तुहरूको बिक्री पनि ठूलो परिमाणमा भइरहेको छ। भवन निर्माणमा र खासगरी काठमाडौंमा भवन निर्माणमा तीव्रता आएको छ। काठमाडौंमा ठूला–ठूला घर बनेका छन्। मलहरूको सङ्ख्यामा वृद्धि भएको छ। आर्थिक विकासका यी सूचाकाङ्कहरू हेर्दा नेपालमा आर्थिक विकास भएको छैन भन्न सकिने स्थिति छैन।

नेपालमा आर्थिक विकास भएको छ भनौं भने देशमा ठूलो बेरोजगारी छ। बेरोजगारीले गर्दा जनतामा ठूलो निराशा छ। निराशा पनि चरम बिन्दुमा पुगेको छ। चरम बिन्दुमा पुगेको निराशाले जनतालाई विदेश लाग्न बाध्य पारिरहेको छ। प्रौढहरू मात्र होइन, १५–१६ वर्षे युवाहरू पनि देश भित्र बस्न इच्छुक छैनन्। स्वदेश त्यागेर कुनै पनि बेला विदेश जान तम्तयार भएर बसेका छन्। चरम बेरोजगारीले दिएको निराशाले गर्दा युवाहरू प्रत्येक दिन ठूलो सङ्ख्यामा स्वदेश त्याग गरिरहेको स्थिति हेर्दा नेपालमा आर्थिक विकास भएको छैन भन्नुपर्ने स्थिति छ।

यथार्थमा भएको के छ ? नेपालमा आर्थिक विकास भएको छ कि छैन ? नेपालमा आर्थिक विकास भएको त छ, तर जनताको अपेक्षा अनुसार भएको छैन। जनताले सोचे अनुसार भएको छैन।

विकासप्रति जनताको अपेक्षा अहिले चुलिएर गएको छ। अर्कोतिर हाम्रो विकासको गति कछुवा चालको हुन पुगेको छ। नेपालमा आर्थिक विकास भएको त छ तर तीव्र गतिमा भएको छैन। जनताको अपेक्षा भने तीव्र गतिमा आर्थिक विकास होस् भन्ने छ।

हाम्रो आर्थिक विकासको गति मन्द किसिमको छ। कछुवा चालको छ। तर जनताको अपेक्षा भने देशमा आर्थिक विकासको गति खरायो–चालमा होस् भन्ने छ। कछुवा चालको आर्थिक विकासले जनतामा आशा उत्पन्न गराउन सकेको छैन। उल्टो जनता निराश हुन पुगेको छ। जनतमा चरम निराशा उत्पन्न भएको छ।

जनताले नेपालमा किन खरायो चालमा आर्थिक विकास होस् भन्ने अपेक्षा गरिरहेको छ ? यो प्रश्न आफैंमा महत्त्वपूर्ण छ। यस विषयमा पनि चर्चा हुन आवश्यक छ। सूचना प्रविधिमा भएको अभूतपूर्व विकासले समाचार, जानकारीप्रति सामान्य जनताको पहुँच ज्यादै सजिलो पारिदिएको छ। नेपालका सुदूर गाउँहरूमा बस्नेहरूले पनि अमेरिका र युरोपमा भएका विकास सजिलै देख्न सकिरहेका छन्। सुविधायुक्त शहरहरूमा बस्नेहरूले त झनै सजिलै देख्न सकिरहेका छन्। जसरी अमेरिका तथा युरोपमा आर्थिक प्रगति भइरहेको छ, नेपाली जनताले नेपालमा पनि सोही अनुसार आर्थिक प्रगति होस् भन्ने अपेक्षा गरिरहेको छ। र त्यस्तो हुन नसकेर जनतामा निराशा उत्पन्न हुन पुगेको छ। यसरी गरिएको तुलनाले पनि नेपालीहरूमा चरम निराशा जागृत गरेको छ। हाम्रो निराशाको कारण आफ्नै आर्थिक दुर्बलताभन्दा तुलनात्मकरूपले बढी हुन पुगेको छ।

नेपालमा आर्थिक विकासको गति सुस्त हुन पुगेको छ। यो सत्य हो। तर गति अति नै सुस्त भने छैन। निराश भएर आफ्नो देशमा आर्थिक विकास हुँदैन भन्ने सोच जनताले राख्नुपर्ने गतिमा सुस्त छैन। नेपाली युवाहरूले स्वदेशमा आफ्नो भविष्य सुरक्षित नदेखेर लस्कर लागेर विदेश जानुपर्ने गतिमा सुस्त छैन। नेपाली युवाहरूमा जुन स्तरमा चरम निराशा देखिएको छ त्यो उपयुक्त पनि छैन।

२००७ सालसम्म नेपाल बाहिरी संसारको लागि बन्द थियो। नेपालकै अन्य भागबाट काठमाडौं प्रवेश गर्न तत्कालीन राणा सरकारसँग अनुमति लिनुपर्थ्यो। हामीले यो पनि स्मरणमा राख्न आवश्यक छ। आफ्नो सत्ता समाप्त होला भन्ने भयले राणा सरकारले नेपाललाई बाहिरी संसारसँग अलग राखेकोले नेपाल आर्थिक विकासको पथमा ज्यादै पछाडि हुन पुग्यो।

२०४६ सालको राजनीतिक परिवर्तनले बल्ल नेपाललाई संसारसँग राम्ररी परिचित गरायो। नियन्त्रित अर्थतन्त्रबाट देशलाई बजार अर्थतन्त्रको दिशातर्फ उन्मुख गरायो। देशलाई उदार अर्थतन्त्रको बाटोतिर डोऱ्यायो। आर्थिक विकासमा निजी क्षेत्रलाई पनि सहभागी गरायो। नेपालमा आर्थिक विकासको बाटो यथार्थमा २०४६ सालको राजनीतिक परिवर्तनपछि मात्र खुलेको हो। फराकिलो भएको हो।

नेपालको आर्थिक विकासको इतिहास त्यति पुरानो छैन, जति अमेरिका र युरोपका देशहरूको छ। तर हामी अमेरिका र युरोपमा जुन गतिमा विकास भयो वा जुन गतिमा भइरहेको छ, नेपालमा पनि सोही गतिमा विकास होस् भन्ने इच्छा गरिरहेका छौं र त्यस्तो हुन नसक्दा दुःखी हुन पुगेका छौं। चरम निराश हुन पुगेका छौं। आफ्नो देशमा आफ्नो भविष्य सुरक्षित नदेखेर अन्य मुलुकतर्फ लागिरहेका छौं। आफ्नो देशको आर्थिक विकास गर्नेतर्फ लागिरहेका छैनौं।

हाम्रो भूगोल, सामाजिक संस्कृति, परम्परा आदिले पनि हामीलाई तीव्र गतिमा विकास गर्न दिइरहेको छैन। देशको राजनीति र नेताहरूको व्यवहार पनि आर्थिक विकासको लागि प्रतिकूल छ। यी यथार्थ कुरा हुन्। तर यी यस्ता कुराहरू हुन् जसलाई सुधार्न सकिन्छ। त्यस कारण अहिले हामीमा जुन चरम निराशा देखिएको छ त्यस्तो देखिनु आवश्यक छैन। स्वदेशमा नै सम्भावनाका ढोकाहरू खुल्न सक्छ भन्ने आशा हामीले राख्न आवश्यक छ। विदेश लाग्नु र आफ्नो भविष्य सुरक्षित बनाउनु मात्र वर्तमान समस्याको समाधान होइन। हामीले आफ्नो देशको आर्थिक विकास आफैंले गर्ने हो। जसले जुन स्तरमा सक्छ त्यही स्तरमा गर्ने हो।

नेपालमा आर्थिक विकास पटक्कै भएको छैन भन्ने भनाइ सत्य भने होइन। हाम्रो चुलिएको अपेक्षा अनुरूप आर्थिक विकास भएको छैन। सत्य यति मात्र हो।



**स्याउ भण्डारस्थल**: डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका–४ रङ्ग गाउँका स्थानीय कृषकहरूले उत्पादन गरेका स्याउका दाना भण्डार गर्नको लागि ढुङ्गाबाट बनाइएका परम्परागत भण्डास्थल (कोल्ड स्टोर)। रङ्ग गाउँमा जिल्लामैं सबैभन्दा धेरै स्याउ उत्पादन हुने गर्छ। तस्बिर : लेखबहादुर बुढा/रासस

## ‘प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम’ प्रारम्भ

काठमाडौं, ६ मङ्सिर/रासस

मुलुकमा सङ्घीयता लागू भएसँगै संविधानबाटै सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूबीच अधिकार र कार्य जिम्मेवारीको बाँडफाँट अनुसार तीनवटा प्रदेशमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको छ। शहरी विकास मन्त्रालयको संयोजकत्वमा आगामी पाँच वर्षमा मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशमा करीब रु १६ अर्ब ६४ करोडको लागतमा सडक सञ्जाल सुधार गर्ने कार्यको प्रारम्भ गरिएको हो।



शहरी विकास मन्त्रालय अन्तर्गत विश्व बैंकको ऋण सहयोगमा उक्त ‘प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम’को बिहीवार शुभारम्भ तथा समझदारीपत्रमा हस्ताक्षर भएको छ। प्रादेशिक सडक सञ्जालको सुधार, सडक सञ्जालले नजोडिएका स्थानीय तहका केन्द्रमा आधारभूत सर्वयाम सडक पहुँच पुऱ्याउने साथै स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि तथा संस्थागत सुदृढीकरण गर्ने कार्यक्रमको उद्देश्य रहेको मन्त्रालयले जनाएको छ।

उक्त कार्यक्रम अन्तर्गत २०० किमी सडक सर्वायाम सञ्चालन हुनेगरी प्रादेशिक सडक स्तरोन्नति गर्ने, ३०० किमी प्रादेशिक सडकको आवधिक मर्मत गर्ने, २५०० किमी सडकको नियमित मर्मत सम्भार गर्ने, १०० किमी नयाँ सडक निर्माण गरी स्थानीय तह तथा वडा केन्द्रसम्म सर्वयाम सडकको पहुँच पुऱ्याउने कार्यक्रमको लक्ष्य रहेको छ। यसैगरी, सङ्घ, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने, सडक पूर्वाधार निर्माण गर्ने निकायहरूको सडक सुरक्षा व्यवस्थापनसम्बन्धी क्षमता वृद्धि गर्ने कार्यक्रमको लक्ष्य छ।

कार्यक्रममा उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंहले यस कार्यक्रमले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि तीनै तहका सरकारबीच विकास निर्माणमा समन्वयात्मक भूमिका निर्वाह हुने बताए। साथै उनले सडक सञ्जाल विकासका लागि मेरुदण्ड भएको बताउँदै तीन तहका सरकारको समन्वय रहेकाले यो परियोजना समयमैं सम्पन्न हुने अपेक्षा गरे। यसरी प्रादेशिक र स्थानीय सडक निर्माण तथा मर्मत गर्दा दिगो बनाउनका लागि वातावरणमैत्री, जलवायुमैत्री र श्रमिकमैत्री हुनुपर्ने उनको जोड थियो।

कार्यक्रममा मन्त्रालयका सचिव मणिराम गेलालले कार्यक्रम कार्यान्वयनमा प्रदेश र स्थानीय सरकारको बढी भूमिका रहेको र सङ्घले नीतिगत र बजेटको व्यवस्थाका लागि सहजीकरण गर्ने बताए। साथै उनले सबै स्थानीय तहका केन्द्रसम्म पुग्ने सडकहरूलाई कालोपत्रे गर्नुका साथै अन्य प्रादेशिक तथा स्थानीय सडकहरूको निर्माण, स्तरोन्नतिका साथै मर्मत सुधार कार्यका लागि ठूलो लगानीको आवश्यकता पर्ने हुँदा विकास साझेदारहरूको सहयोगसमेतको आवश्यकता देखिएको उल्लेख गरे।

विश्व बैंकका ‘सिनियर अपरेशन अफिसर’ विज्ञान प्रधानले यस कार्यक्रमको सफलताले स्थानीय सेवाग्राहीलाई ठूलो सहयोग पुग्ने बताए। समारोहमा तीनै तहका भौतिक मन्त्रीहरूले एवं स्थानीय जनप्रतिनिधिहरूले उक्त कार्यक्रमलाई सफल बनाउन आफ्नोतर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे।

उक्त कार्यक्रमका संयोजक माधवप्रसाद भट्टराईले कार्यक्रमको आवश्यकता र औचित्यतामाथि प्रकाश पार्दै कार्यक्रम सञ्चालनका लागि तीन तहका सरकार, शहरी विकास मन्त्रालय, प्रादेशिक भौतिक मन्त्रालय र स्थानीय तहको संस्थागत व्यवस्थासमेत गरिएको जानकारी दिए। साथै उनले प्रदेश र स्थानीय तहले सीधैं विकास साझेदारसँग सम्झौता गर्न सकिने व्यवस्था नहुँदा केन्द्र सरकारले विकास साझेदारसँग सम्झौता गरी सो रकम प्रदेश र स्थानीय तहमार्फत खर्च गरिने उल्लेख गरे।

संविधानको अनुसूचीमा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापनको जिम्मेवारी सङ्घ सरकारको हुने तथा प्रदेश लोकमार्गको जिम्मेवारी प्रदेश सरकारको र स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकको जिम्मेवारी स्थानीय तहको हुने भनी उल्लेख छ।

साथै १५औं योजनाको दीर्घकालीन सोच अनुसार विसं २१०० सम्ममा ९९ प्रतिशत घरपरिवारलाई ३० मिनेटको दूरीमा सर्वयाम सञ्चालित यातायात पहुँच पुऱ्याउने लक्ष्य रहेको छ। साथै सोही योजनाको अपेक्षित उपलब्धिमा स्थानीय तहका केन्द्र र सबै वडा कार्यालय सडक सञ्जालबाट जोडिएका हुने भनी उल्लेख छ।

सन् २०१९ मा गरिएको अध्ययनमा २१ स्थानीय तहका केन्द्रहरू सडक सञ्जालमा नै नजोडिएका तथा सडक सञ्जालले छोएका २०० स्थानीय तहका केन्द्रहरू जोड्ने सडकहरू धुले अवस्थामा भई सुक्खा मौसमी मात्र रहेको देखिएको थियो। ती सडकहरूलाई पक्की सडकमा स्तरोन्नति गरी सर्वयाम सञ्चालन योग्य बनाउनुपर्ने अध्ययनको सुझाव छ।

कार्यक्रमको अवधि आर्थिक वर्ष २०८०/८१ देखि २०८४/८५ सम्म रहेको छ। कार्यक्रमको लागत अनुमान १२८ मिलियन अमेरिकी डलर (करीब १६ अर्ब ६४ करोड रुपैयाँ) रहेको छ। त्यसमध्ये १०० मिलियन अमेरिकी डलर विश्व बैंकको ऋण र २८ मिलियन अमेरिकी डलर नेपाल सरकारको रहने समझदारीपत्रमा उल्लेख छ।

# जलवायु वित्तको आकार नबढे एनडिसीका महत्त्वाकाङ्क्षी लक्ष्य अधूरै रहने

प्रगति ढकाल

बाकु (अजरबैजान), ६ मङ्सिर/रासस

विकसित मुलुकले जलवायु वित्तको आधार नबढाए अतिकम विकसित मुलुकहरूले राखेका राष्ट्रिय निर्धारित योगदान (एनडिसी)का लक्ष्य अधूरै रहने जनाउँदै चिन्ता व्यक्त गरिएको छ।

राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी प्रारूप महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप–२९) अन्तर्गत बाकु अजरबैजानमा जारी सम्मेलनमा विकसित मुलुकले जलवायु वित्त बढाउनुपर्ने विषयमा छलफल भइरहेको हो।

एनडिसीले निर्धारण गरेका लक्ष्य कार्यान्वयनका लागि आवश्यक पर्ने वित्त व्यवस्थापनमा नेपाल जस्ता मुलुकको क्षमता नहुने र कोपमा पनि जलवायु वित्तको आकार बढाउनुपर्ने एजेन्डामा सहमति हुन नसके एनडिसीका लक्ष्य पनि अधूरै रहने भन्दै अतिकम विकसित मुलुकका प्रतिनिधिले चिन्ता गरेका हुन्।

नेपालमा सन् २०३० सम्म एनडिसी कार्यान्वयन गर्न ३३ दशमलव चार विलियन अमेरिकी डलर बराबर रकम लाग्ने अनुमान गरिएको छ। कार्यान्वयन योजनामा प्रस्तुत लागत नेपालको दोस्रो एनडिसी सन् २०२० मा प्रस्तुत गरिएको थियो। एनडिसी कार्यान्वयनका लागि नेपालले अनुदानमा आधारित अन्तर्राष्ट्रिय सार्वजनिक वित्तलाई प्राथमिकता दिएको छ। साथै वैदेशिक सहयोग, आन्तरिक स्रोत तथा विभिन्न निजी वित्तका स्रोतबाट रकम जुटाइने लक्ष्य राखिएको छ। नेपाल सरकारले सन् २०२० को डिसेम्बरमा युएनएफसिसिसीलाई आफ्नो दोस्रो राष्ट्रिय निर्धारित योगदान पेश गरेको थियो।

कोप–२९ शुक्रवारसम्म जारी रहनेछ। वित्तको आकार बढाउने विषयमा सहमति जुट्न सकेन भने फेरि केही दिन कोप लम्बिने जनाइएको छ। विगतका कोप पनि सहमति नजुटेर लम्बिएको थियो। पूर्वनिर्धारित तालिका अनुसार आज र भोलि दुई दिनमा विकसित मुलुकलाई जलवायु वित्त बढाउनुपर्ने एजेन्डामा सहमतिमा ल्याउन सकिएन भने जलवायु वित्तको आकार खुम्चिरहने भन्दै उपस्थित प्रतिनिधिमा चिन्ता छाएको हो।

जलवायु वित्त बढाउनुपर्ने मुद्दामा सहमति हुन नसकेमा जलवायु परिवर्तनसम्बन्धी योजना कार्यान्वयनमा समस्या उत्पन्न हुने भन्दै नेपालले पनि जलवायु वित्तको आकार बढाउनुपर्ने र उक्त वित्तमा नेपालको सरल पहुँच सुनिश्चित हुनुपर्ने मुद्दालाई मुख्य एजेन्डा बनाइ स्थितिपत्र तयार गरेर कोपमा सहभागिता जनाएको छ।

नेपालको नेतृत्व गर्दै कोपमा राष्ट्रपति रामचन्द्र पौडेलले जलवायुको वित्त बढाउनुपर्ने, कार्बन उत्सर्जन न्यूनीकरण गरेर हिमाल र पृथ्वीको सुरक्षा गर्नुपर्नेलगायत मुद्दामा आफ्नो धारणा राखेका थिए।

वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले कोपमा विभिन्न दातृ राष्ट्र तथा निकायसँग नेपालको हितमा द्विपक्षीय वार्तासमेत गरेका छन्। वार्तामा उनले जलवायु वित्त अनुदान बढाउनुपर्ने विषयमा जोड दिएका छन्।

वन तथा वातावरण मन्त्रालयका सचिव डा दीपककुमार खरालको नेतृत्वमा अहिले नेपाली प्रतिनिधि कोपमा सहभागिता जनाइरहेको छ। प्रतिनिधिले कोपमा जलवायु वित्त दायित्व बढाउन नसकेको खण्डमा नेपालले राखेका एनडिसीका योजनासमेत कार्यान्वयन हुन नसक्ने भन्दै पैरवीका लागि जोड गरिरहेका छन्।

सचिव खरालले चालू कोप सम्मेलनमा पनि विकसित मुलुकले जलवायु वित्तको आकार बढाएर नैतिक दायित्व पूरा गर्न सकेनन् भने एनडिसी कार्यान्वयनमा चुनौती देखिने बताए। "नेपालका लागि आवश्यक पर्ने जलवायु लागत अभाव भएमा हामीले राखेका एनडिसीका महत्त्वाकाङ्क्षी लक्ष्यको कार्यान्वयनमा चुनौती देखिनेछ," उनले भने, "नेपालले पनि अतिकम विकसित मुलुकको समूह (एलडिसी)सँग मिलेर जलवायु वित्तको दायित्व बढाउनुपर्नेमा धनी मुलुकलाई दबाब दिइरहेको छ।"

विगतका कोपमा झैं यसपटकको सम्मेलनमा पनि धनी तथा विकसित मुलुकहरूले जलवायु वित्तको दायित्व बढाउनुपर्ने एलडिसीमा रहेका मुलुकहरूको माग रहेको छ।

वन तथा वातावरण मन्त्रालय अन्तर्गत जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाले बाकुमा जारी कोपमा धनी मुलुकहरूलाई जलवायु वित्तको दायित्व बढाउन पैरवी भइरहेको भन्दै यदि धनी मुलुकहरूले वित्तीय दायित्व बढाउन आनाकानी गरेमा नेपालले राखेका एनडिसीका लक्ष्य कार्यान्वयनमा चुनौती आउन सक्ने बताए।

"नेपालले राखेका जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका स्पष्ट खाकासहितको राष्ट्रिय निर्धारित योगदान (एनडिसी)का लक्ष्य पूरा गर्न हामीलाई आर्थिक स्रोत आवश्यक पर्छ," उनले भने, "यी लक्ष्य कार्यान्वयन गर्न आवश्यक पर्ने लागत व्यवस्थापन गर्ने नेपालको आन्तरिक वित्तले पुग्दैन। बाह्य वित्त सहयोग आवश्यक भएकाले जलवायुका विभिन्न कोष छन्, ती कोषमा अनुदान बढाउनुपर्छ भनेर दबाब दिइरहेका छौं।"

जलवायु व्यवस्थापन महाशाखा प्रमुख ढुङ्गानाले कोप सम्मेलन जारी रहेकाले विकसित मुलुकहरू जलवायु वित्त बढाउनुपर्ने एजेन्डामा सहमति हुन सक्ने विश्वास व्यक्त गरे। "सम्मेलन सकिएको छैन, अहिल्यै विकसित मुलुकहरू जलवायु वित्तको दायित्व बढाउनुपर्ने नैतिक दायित्वबाट पछि हट्लान भनेर चिन्ता लिनुपर्दैन। समय बाँकी रहेकाले उहाँहरू सहमतिमा आउनुहुने आशा गरेका छौं," उनले भने, "कार्बन उत्सर्जन कटौती गरेर पृथ्वीको तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्न नेपाल तयार छ। कार्बन उत्सर्जन बढी गराउने मुलुकहरूले पनि नैतिक दायित्व बढाएर जलवायु वित्त बढाउनुपर्छ भनेर पैरवी गरिरहेका छौं।"

मन्त्रालयका उपसचिव राजु सापकोटाले एनडिसीका निर्धारित लक्ष्य कार्यान्वयन गर्न वित्त स्रोत व्यवस्थापन हुनु जरुरी रहेकामा जोड दिए। "एनडिसीका लक्ष्य कार्यान्वयनका लागि आवश्यक पर्ने करीब ३३ विलियन अमेरिकी डलरमध्ये ३० विलियनका लागि अन्तर्राष्ट्रिय तहको निजी तथा सार्वजनिक वित्त संस्थाको सहयोग आवश्यक पर्छ, बाँकी तीन विलियन नेपाल सरकारले आन्तरिकरूपमा निजी तथा सार्वजनिक वित्त परिचालन गर्नेछ," उनले भने।

कोपमा नेपालका तर्फबाट नेगोसेसनमा भाग लिंदै आएका मञ्जीत ढकालले कार्बन उत्सर्जन कटौतीमार्फत पृथ्वीको तापमान वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्नुपर्ने र जलवायु आर्थिक दायित्व बढाउनुपर्ने एजेन्डा कार्यान्वयन गर्ने विषयमा सकारात्मक निष्कर्ष आउने अपेक्षा गरे।

"कोपको निर्धारित समयसम्ममा सहमति आउने विश्वास लिएका छौं। जलवायु वित्त बढाउनुपर्ने दायित्व बाध्यकारी नभई स्वेछिक रहेकाले जलवायु वित्त बढाउन आनाकानी भने भइरहेको छ, जलवायुविद्समेत रहेका ढकालले भने।

जलवायुविद् डा सन्तोष नेपालले बाकुमा जारी कोप सम्मेलनमा विकसित मुलुकले जलवायु वित्तका दायित्व बढाउने सन्दर्भमा निरन्तर दबाब दिइरहनुपर्ने बताए। "विकसित मुलुकले अर्को वर्ष ब्रजीलमा हुने ३०औं कोपमा जलवायु वित्तको आकार बढाउँछौं भनेर प्रतिबद्धता जनाउन सक्लान्। तर एक वर्षको समयसम्म पर्खिंदा समस्या बढ्दै जान सक्ने भएकाले निरन्तर छलफल र दबाब दिइरहेका छौं।"

यसैबीच, कोप सम्मेलनका क्रममा अस्ट्रेलियन सरकारले जलवायु सङ्कटबाट भएको क्षति र क्षतिको सामना गर्नका लागि ५० मिलियन डलर जलवायु वित्त अनुदान दिने घोषणा गरिसकेको छ।

# राजस्व सङ्कलन बढ्दो

काठमाडौं, ६ मङ्सिर/रासस

चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकको राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करीब १७ प्रतिशतले वृद्धि भएको छ।



अर्थ मन्त्रालय उच्च व्यवस्थापन समितिको बिहीवारको बैठकमा प्रस्तुत गरिएको विवरण अनुसार गत वर्ष यही अवधिमा रु दुई खर्ब ७६ अर्ब राजस्व सङ्कलन भएको थियो। चालू आवको चार महीनामा रु तीन खर्ब २३ अर्ब २४ करोड राजस्व सङ्कलन भएको छ।

सरकारले लक्ष्य अनुसार राजस्व उठाउन सकेको भने देखिंदैन। पछिल्लो पाँच वर्षको राजस्व परिचालनको तुलनात्मक अवस्थालाई हेर्दा आव २०७६/७७ मा रु ११ खर्ब १२ अर्ब तीन करोड लक्ष्य रहेकोमा ७१ दशमलव ३८ प्रतिशत प्रगति भएको थियो।

आव २०७७/७८ मा रु १० खर्ब ११ अर्ब ७६ करोड लक्ष्य रहेकामा ९२.५० प्रतिशत, आव २०७८/७९ मा रु ११ खर्ब ८० अर्ब ६० करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ९०.२४ प्रतिशत, आव २०७९/८० मा रु १४ खर्ब तीन अर्ब १५ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ६८.२३ प्रतिशत र गत आव २०८०/८१ मा रु १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ७४.५४ प्रगति भएको थियो।

चालू आवको वार्षिक राजस्व सङ्कलनको लक्ष्य रु १४ खर्ब १९ अर्ब ३० करोड रहेको मन्त्रालयले जनाएको छ। यो लक्ष्य भनेको गत आवको यथार्थ असुलीको तुलनामा करीब ३४ प्रतिशतको वृद्धि हो।

यसैमध्ये चालू आवको प्रथम चार महीना (साउन, भदौ, असोज र कात्तिक) मा रु चार खर्ब छ अर्ब ३७ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा रु तीन खर्ब २३ अर्ब २४ करोड अर्थात् लक्ष्यको करीब ८० प्रतिशत राजस्व सङ्कलन भएको छ। यो गत वर्षको यसै अवधिको राजस्व सङ्कलनको तुलनामा १६.८५ प्रतिशत वृद्धि बढी हो।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व सङ्कलनको लक्ष्य प्राप्त गर्न स्रोत र खर्च व्यवस्थापन महत्त्वपूर्ण रहेको उल्लेख गर्दै करको दायरा विस्तार, बक्यौता असुली, कर प्रशासनको प्रभावकारिता, कर्मचारीको आचरण, अन्तरमन्त्रालय समन्वय, भन्सार बिन्दुभन्दा बाहिरका गतिविधि, कर प्रशासनमा सिर्जना गर्न खोजिएका चुनौतीलगायत पक्षलाई ध्यान दिएर अघि बढ्न आवश्यक रहेको बताए। उनले कर सङ्कलन प्रणाली तोड्न (सिस्टम ब्रेक) खोज्नेलाई कानून बमोजिम हदैसम्मको कारबाही गर्नसमेत निर्देशन दिए।

अर्थ सचिव डा रामप्रसाद घिमिरेले राजस्वको लक्ष्य पूरा गर्नेगरी मन्त्रालय अघि बढ्ने बताउँदै राजस्व सङ्कलन रणनीति कार्यान्वयनमा जोड दिए। उनले राजस्वको लक्ष्य प्राप्त गर्न सरोकार भएका सबैले थप मेहनतका साथ अघि बढ्नुपर्ने आवश्यकता औंल्याए।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले विगतको तुलनामा राजस्व सङ्कलन वृद्धि भएपनि चालू आवको लक्ष्य पूरा गर्न कर प्रशासनसँग सम्बन्धित सबै पक्षबीच समन्वय तथा सहयोग जरुरी रहेको जनाउँदै त्यसलाई मन्त्रालयले प्राथमिकता दिएर काम गरिरहेको बताए।

भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनी र आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले राजस्व सङ्कलनका क्षेत्रमा देखा परेका अवसर र कमजोरीलाई ख्याल गर्दै राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न आफूहरूले सक्दो पहल गरिरहेको बताएका थिए।

# कर्णालीमा खर्च नै हुँदैन बजेट

टेकराज केसी

भेरीगङ्गा (सुर्खेत), ६ मङ्सिर/रासस

सङ्घीय संरचना अनुसार प्रदेश सरकार गठन भएदेखि नै कर्णालीमा लक्ष्यबमोजिम विनियोजित बजेट खर्च हुन सकेको छैन। त्यतिमात्र होइन प्रत्येक वर्ष विनियोजित सबै बजेट कार्यान्वयन नभएर फिर्ता हुने क्रम कायमै छ।

कर्णाली प्रदेश लेखानियन्त्रक कार्यालयका अनुसार कर्णाली प्रदेश सरकारले समग्रमा दुईतिहाइसम्म मात्रै बजेट खर्च गर्न सकेको छ। कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/७७ मा ४९ दशमलव १४ प्रतिशत बजेट खर्च गरेको सरकारले आव २०७७/७८ का लागि रु ३३ अर्ब ७४ करोड १३ लाख कुल बजेट विनियोजन गरेकोमा जम्मा ६५ दशमलव ५२ अर्थात् रु २२ अर्ब १० करोड ८६ लाख रकम मात्रै खर्च गर्न सक्यो।

आव २०७८/७९ मा पनि सरकारले जम्मा बजेटको ६२ दशमलव ३७ प्रतिशत मात्रै खर्च गरेको थियो। आव २०७८/७९ मा सरकारले चालूतर्फ रु १४ अर्ब ८९ करोड २७ लाख २३ हजार र पूँजीगततर्फ रु २१ अर्ब १६ करोड ५३ लाख ९१ हजार गरी जम्मा रु ३६ अर्ब ५४ करोड ६६ लाख ३६ हजार रकम विनियोजन गरे पनि रु २४ अर्ब मात्रै खर्च भयो।

आव २०७९/८० मा पनि प्रदेश सरकारको खर्च बढेको छैन। समीक्षा वर्षमा सरकारले जम्मा बजेटको ६७ दशमलव ८९ प्रतिशत अर्थात् रु २२ अर्ब ३८ करोड ३४ लाख ८३ हजार मात्रै खर्च गरेको कार्यालयको तथ्याङ्क छ। यस्तै, आव २०८०/८१ मा रु ३३ अर्ब ४० करोड ६६ लाख बजेट विनियोजन भएकामा जम्मा ६० दशमलव ३४ प्रतिशत अर्थात् रु २० अर्ब १५ करोड ३९ लाख ७३ हजार मात्रै खर्च भएको छ।

चालू आर्थिक वर्षमा पनि सरकारको बजेट कार्यान्वयनमा उल्लेख्य सुधार आएको छैन। यस वर्षका लागि रु ३१ अर्ब ४१ करोड ४१ लाखको बजेट विनियोजन गरेको सरकारले असोजसम्म छ प्रतिशत अर्थात् रु दुई अर्ब २२ करोड ७० लाख ८९ हजार २६० खर्च गरेको प्रदेश लेखा नियन्त्रकको कार्यालय सुर्खेतका निमित्त निर्देशक दीपेन्द्र मगरातीले जानकारी दिए। मगरातीका अनुसार प्रदेश सरकारले बाँकी नौ महीनामा रु २९ अर्ब १८ करोड २९ लाख ५१ हजार ७३९ खर्च गर्न बाँकी छ।

**बढ्दै चालू खर्च**

कर्णाली सरकारको विकास बजेटभन्दा चालू खर्च बढ्दै गएको तथ्याङ्कले देखाउँछ। जनप्रतिनिधिको विलासी जीवनशैली, फजुल खर्च र कार्यालय सञ्चालन तथा बढ्दो कर्मचारी सङ्ख्याका कारण प्रत्येक वर्ष चालू खर्च बढेको हो। आर्थिक वर्ष २०७५/७६ मा रु छ अर्ब २१ करोड ६६ लाख रहेको चालू बजेट २०७६/७७ मा रु १३ अर्ब ६९ करोड ६५ लाख पुगेको छ भने आर्थिक वर्ष २०७७/७८ मा रु १४ अर्ब ६७ करोड २२ लाख चालू बजेट विनियोजित भएको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्कमा छ।

यस्तै, आव २०७८/७९ मा रु १४ अर्ब ८९ करोड २७ लाख, आव २०७९/८० मा रु १३ अर्ब १२ करोड १४ लाख, आव २०८०/८१ मा रु १३ अर्ब ८० करोड ८१ लाख र चालू आर्थिक वर्षमा रु १३ अर्ब ८४ अर्ब रकम चालूतर्फ विनियोजन गरिएको छ। यो तथ्याङ्कलाई केलाउँदा प्रदेशमा चालू खर्च बढ्दै गएको विज्ञहरू बताउँछन्।

**किन हुँदैन खर्च ?**

अर्थ जानकारहरू कर्णालीमा बजेट कार्यान्वयन हुन नसक्नु मुख्य कारण सुनिश्चित भएका आयोजनामा न्यून बजेट

(बाँकी पाँचौं पातामा)



**माछाको व्यापारः** सुनसरीको इनरुवा नगरपालिका–२ स्थित बिहीबारे हटियामा बिक्रीका लागि राखिएका माछा। यहाँ प्रतिकिलो रु ३०० देखि ५०० सम्मका विभिन्न प्रजातिका माछा पाइने व्यापारी बताउँछन्। तस्बिरः नवीन गड्तौला/रासस


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा

१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की–१०
३. डा. आनन्दकुमार झा ०५१–५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रसङ्घको युद्धविराम प्रस्तावमा अमेरिकी भिटोको निन्दा

रमल्लाह, ६ मङ्सिर/सिन्ह्वा

प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले गाजामा इजरायली आक्रमणको अन्त्य र युद्धविरामको आह्वान गर्ने राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावमा बुधवार भिटो प्रयोग गरेकोमा अमेरिकाको निन्दा गरेका छन्।

राष्ट्रपति अब्बासले अमेरिकाले चौथो पटक भिटो प्रयोग गरी इजरायललाई प्यालेस्टिनी तथा लेबनानी जनताविरुद्ध 'अपराध' र अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गर्न अनुमति दिएको उल्लेख भएको प्यालेस्टिनी समाचार एजेन्सी डब्लुएएफएले जनाएको छ।

वक्तव्यमा उनले राष्ट्रसङ्घीय सुरक्षा परिषद् र अन्तर्राष्ट्रिय समुदायमा प्यालेस्टिनको माग स्पष्ट रहेको जनाउँदै 'आक्रमण' रोक्न, युद्धविराम लागू र इजरायलले प्यालेस्टिनी जनताविरुद्ध गरेको 'अपराध' लाई सम्बोधन गर्न आह्वान गरेका छन्।

विज्ञप्तिमा मानवीय सङ्कट तथा भोकमरी अन्त्य गर्न तुरुन्तै कार्य गरेर प्यालेस्टिनी जनताको जिम्मेवारी लिन आग्रह गरिएको छ।

प्यालेस्टिनी अख्तियारका विदेश मामिला तथा प्रवासी राज्यमन्त्री फार्सिन शाहिनले अमेरिकी भिटोलाई 'अन्यायपूर्ण, र अन्तर्राष्ट्रिय समुदायको इच्छाविपरीत' भनेका छन्।

यसैगरी हमासले एक विज्ञप्तिमार्फत भिटो प्रयोग गरेर अमेरिका आक्रमणको प्रत्यक्ष साझेदार बनेको प्रमाणित गरेको जनाएको छ। वक्तव्यमा अमेरिकालाई 'शत्रुतापूर्ण नीति' रोक्न आह्वान गर्दै युद्धको अन्त्य गरी यस क्षेत्रमा सुरक्षा र स्थिरता कायम गर्न आह्वान गरेको छ।

अमेरिकाले बुधवार गाजामा तत्काल युद्धविराम आह्वान गर्ने राष्ट्रसङ्घीय सुरक्षा परिषद्को मस्यौदा प्रस्तावमा भिटो प्रयोग गरेपछि सयुक्त राष्ट्रका अधिकांश सदस्यले कडा आलोचना गरेका छन्।

परिषद्का-१० लगायत गैरस्थायी सदस्यहरूले मस्यौदामा तत्काल, स्थायी युद्धविरामका साथै बन्धक रिहाइको माग गरेका छन्।

सुरक्षा परिषदका सदस्यहरूमा १४ ले काउन्सिलले प्रस्तावको पक्षमा मतदान गरे भने अमेरिकाले यसलाई रोक्न स्थायी काउन्सिल सदस्यको रूपमा आफ्नो भिटो प्रयोग गरेको छ। रासस



**जीर्ण बन्दै ऐतिहासिक रानीपौवा धर्मशाला:** मुस्ताङको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिरमा आउने तीर्थालुहरूलाई लक्षित गरी २१८ वर्ष अघि निर्माण भएको रानीपौवा धर्मशाला। संरक्षणको अभावमा यो धर्मशाला जीर्ण बन्दै गएको छ। तस्बिर : कमल खत्री/रासस

## सिरियामा भएको इजरायली हमलामा ३६ जनाको मृत्यु

दमास्कस, ६ मङ्सिर/एएफपी

सिरियाको प्राचीन पाल्मिरा शहरमा बुधवार भएको इजरायली हमलामा ३६ जनाको मृत्यु हुनुका साथै अन्य ५० जना भन्दा बढी घाइते भएको सिरियाली रक्षा मन्त्रालयले जनाएको छ।

बेलायतमा आधारित युद्ध पर्यवेक्षक 'सिरियन अब्जर्वेटरी फर ह्युमन राइट्स' ले भने इजरायली आक्रमणमा ६१ जनाको मृत्यु भएको जनाएको छ।

जसमध्ये ३३ जना इरानी मिलिसियासँग सम्बन्धित सिरियाली, २२ जना गैरसिरियाली, चारजना हिजबुल्लाह र दुईजना अज्ञात थिए।

"इजरायलले अल-तान्फ क्षेत्रको पाल्मिरा शहरका धेरै भवनहरूलाई निशाना बनाएर हवाई आक्रमण गरेको रक्षा मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको हो।

सिरियाको विदेश मन्त्रालयले "पाल्मिरा शहरविरुद्ध क्रूर इजरायली आक्रमणको कडा निन्दा गर्दै यसले यस क्षेत्रका देशहरूका जनताविरुद्ध निरन्तर भइरहेको अपराधलाई प्रतिविम्बित गरेको जनाएको छ।

युनेस्कोको विश्व सम्पदा सूचीमा रहेको पाल्मिरामा, सिरियाली गृहयुद्ध चरम अवस्थामा रहेको बेला, इस्लामिक राज्यका जिहादीहरूले कब्जा गरेका थिए।

सिरियाका पुरातत्त्व तथा सङ्ग्रहालयका महानिर्देशक नाजिर अवादले पछिल्लो आक्रमणमा शहरका मन्दिरहरूमा प्रत्यक्ष क्षति नभएको बताएका छन्। रासस

## उपनिर्वाचनको रौनक बढ्दै

प्रस, रौतहट, ६ मङ्सिर/

स्थानीय तह उपनिर्वाचन २०८१ को लागि राजपुर नगरपालिका-६ मा राजनीतिक माहोल तातेको छ। यही मङ्सिर १३ गते हुने उपनिर्वाचनमा आफ्नो उम्मेदवारलाई जिताउन नेपाली काङ्ग्रेसका महासचिव विश्वप्रकाश शर्मासहितको टोली वडामा आएर घरदैलो गरेको छ। यो वडामा नेकाबाट समसे आलम उम्मेदवार छन्।




घरदैलोपछि राजपुरमा आयोजित कोणसभामा महासचिव शर्माले देशको सबैभन्दा पुरानो र मधेसको उत्थानमा सक्रिय दल नेकाका उम्मेदवार आलमलाई विजयी गराउन आग्रह गरे। नगरप्रमुख डा राजिक आलमले आफूले नगरको विकासमा योगदान पुर्‍याउँदै आएको र वडामा पनि आलमको विजयले अझ विकास हुने बताए। यो वडामा एमालेका मो नासिम अख्तर, जनमतका क्यामुद्दीन धुनियासमेत १२ जना उम्मेदवार छन् र उनीहरू पनि अहिले घरदैला, सभामा व्यस्त छन्।

## अन्नपूर्ण क्षेत्रमा भूकम्प

काठमाडौं, ६ मङ्सिर/रासस

पश्चिम नेपालको अन्नपूर्ण क्षेत्रलाई केन्द्रबिन्दु बनाएर भूकम्प गएको छ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार बिहीवार बिहान १० बजेर १३ मिनेटमा कास्की र मनाङको सिमानामा पर्ने अन्नपूर्ण क्षेत्रलाई केन्द्रबिन्दु बनाएर ४.२ रेक्टर स्केलको भूकम्प गएको हो।

यस अघि गत कात्तिक २२ गते दोलखाको ओराङ आसपास केन्द्रबिन्दु भएर ४.५ रेक्टर स्केलको भूकम्प गएको थियो। नेपालमा पछिल्लो समय भूकम्प जाने क्रम जारी छ। नेपाल हिमालय क्षेत्र भएको कारणले भूकम्पको जोखिम क्षेत्रका रूपमा लिने गरिन्छ।

## रूसद्वारा युक्रेनमा अन्तरमहाद्वीपीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार

किएभ, ६ मङ्सिर/एएफपी

रूसले बिहीवार पहिलोपटक युक्रेनमा अन्तरमहाद्वीपीय ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको किएभले जनाएको छ।

युक्रेनी सेनाले विज्ञप्ति जारी गर्दै रूसी सेनाले महत्त्वपूर्ण पूर्वाधारलाई लक्षित गरी विभिन्न प्रकारका मिसाइलहरू प्रहार गरेको जनाएको छ। विज्ञप्तिका अनुसार रूसको आस्ट्राखान क्षेत्रबाट अन्तरमहाद्वीपीय ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरिएको थियो।

युक्रेनी सेनाले क्रेमलिनले आक्रमण शुरू गरेपछि पहिलोपटक आफ्नो सेनाले हतियार तैनाथ गरेको पुष्टि गरेको छ।

हजारौं किलोमिटर टाढासम्म प्रहार गर्न सक्ने क्षेप्यास्त्र प्रहारको विषयमा सोधिएको प्रश्नमा क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले आफूले यस विषयमा केही भन्न नसक्ने बताएका छन्।

वायुसेनाले पाँचवटा मिसाइल खसालिएको डिनिप्रो शहर क्षेत्रका प्रमुखले रूसी प्रहारले पुनर्वास केन्द्र, घरहरूका साथै औद्योगिक क्षेत्रमा क्षति पुर्‍याएको जनाएको छ।

प्रहारमा दुईजना घाइते भएको तथा उनीहरूलाई उपचारको लागि अस्पतालमा भर्ना गरिएको युक्रेनी अधिकारी सेर्गी लिसाकले बताएका छन्। रासस

## फर्मासिस्टलाई सेतो एप्रोन अनिवार्य

काठमाडौं, ६ मङ्सिर/रासस

पुस ४ गतेदेखि फर्मासिस्टहरूले सेतो एप्रोन लगाएर मात्र औषधि वितरण गर्नुपर्ने अनिवार्य व्यवस्था लागू गरिएको छ।

नेपाल फार्मेसी परिषद्ले एक सूचना जारी गर्दै कुनै पनि सामुदायिक फार्मेसी वा अस्पतालका फार्मेसीमा औषधि वितरकका रूपमा कार्यरत फर्मासिस्ट र फार्मेसी सहायकले औषधि वितरण गर्दा नामसहितको सेतो एप्रोन (बाहिरी पोशाक) अनिवार्य लगाउनुपर्ने व्यवस्था गरेको हो।

परिषद्का रजिस्ट्रार सञ्जीवकुमार पाण्डेले फर्मासिस्ट र फार्मेसी सहायकले यसको उल्लङ्घन गरेमा परिषद्को आचारसंहिता पालना नगरेको मानेर नियमानुसार कारबाई गरिने बताए। उनले भने-"ड्रेसकोडको पालना भए/नभएको परिषद्बाट नियमित अनुगमन हुनेछ। पालना नभएको अवस्थामा परिषद्को नियमावली, २०५९ अनुसार कारबाई प्रक्रिया अघि बढाइन्छ।"

परिषद् ऐनको दफा ९ को उपदफा (क) ले दिएको अधिकार प्रयोग गरी फार्मेसी परिषद्ले फर्मासिस्टले हरियो पृष्ठभूमिमा सेतो रंगको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर उल्लेख गरिएको ड्रेसकोड लगाउनुपर्ने नियम बनाएको छ। त्यस्तै, फार्मेसी सहायकले नीलो पृष्ठभूमिमा सेतो रंगको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बरसहितको एप्रोन लगाउनुपर्ने व्यवस्था गरेको हो।

## गाजामा बेकरीसमेत बन्द हुने अवस्थामा

न्यूयोर्क, ६ मङ्सिर/क्यूएनए

राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए)ले गाजा पट्टीमा भोकमरीमा परेका प्यालेस्टिनीहरूका लागि जीवन बचाउको रूपमा सेवा गरिरहेका बेकरीहरूसमेत पीठो तथा इन्धनको अभावका कारण बन्द हुने अवस्थामा रहेको चेतावनी दिएको छ। ओसिएइचएले आफ्नो दैनिक प्रतिवेदनमा हालको समयमा उत्तरी गाजाका केही भागहरू अनिकालको जोखिममा रहेको समेत जनाएको छ।

यसका साथै गाजा पट्टीको मध्य र दक्षिणी भागहरूमा गम्भीर भोकमरीको सामना गर्ने बाध्य परिवारहरूको सङ्ख्यामा तीव्र वृद्धि भएको रिपोर्ट गरिरहेको यसले जनाएको छ।

"विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)का सहकर्मीहरूलाई उदृत गर्दै ओसिएएचएले हाल गाजामा मानवीय साझेदारहरूद्वारा समर्थित १९ वटा बेकरीमध्ये सातवटा मात्र सञ्चालनमा रहेको प्रतिवेदनमा उल्लेख गरेको छ।

पीठोको अभावकै कारण यस हप्ताको शुरूमा अन्य धेरै बेकरी बन्द गर्न बाध्य भएको यसले स्पष्ट पारेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — भयचिन्ता | वृष — राज्यलाभ |
| मिथुन — कान्तिक्षय | कर्कट — सुयश |
| सिंह — अपव्यय | कन्या — धनलाभ |
| तुला — सफलता | वृश्चिक — अलमल |
| धनु — रोगभय | मकर — व्यापारवृद्धि |
| कुम्भ — कडापरिश्रम | मीन — कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## साम्प्रदायिक झडपमा ३८ जनाको मृत्यु

पेशावर, ६ मङ्सिर/एएफपी

पाकिस्तानको उत्तरपश्चिम क्षेत्रमा भएका दुई आक्रमणमा परी कम्तीमा ३८ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा अधिकांश महिला तथा बालबालिका रहेको अधिकारीहरूले बिहीवार बताएका छन्।

शिया समुदायका दुई अलगअलग समूहलाई कुर्रम जिल्लामा आतङ्ककारीहरूले निशाना बनाएका प्रहरीले बताएको छ।

"दुवै घटनामा गरी महिला र बालबालिकासहित कम्तीमा ३८ जनाको मृत्यु भएको छ भने अन्य १३ जना घाइते भएका छन्," स्थानीय प्रशासनका वरिष्ठ अधिकारी जावेदउल्लाह महसुदले बताए।

पाकिस्तानमा हुने सामुदायिक झडपमा परी बर्सेनि सयौं व्यक्तिले अकालमा ज्यान गुमाउने गरेका छन्। रासस






### कर्णालीमा ...

प्रस्ताव गर्ने तर नयाँ आयोजनाको सङ्ख्या बढाउने प्रवृत्तिका कारण खर्च हुन नसकेको बताउँछन्। वार्षिक कार्यक्रम अन्तर्गत समयमैं कार्यविधि, निर्देशिका र मापदण्ड नबन्नु जस्ता कारणले बजेट खर्च नै हुन नसकेको सुर्खेतमा अर्थशास्त्रका अध्यापक शिक्षक बालकुमार विक बताउँछन्।

"पहिलो कुरा बजेट कुन क्षेत्रमा छुट्याउने भन्ने सुनिश्चित हुनुपर्‍यो, अहिलेको स्थिति हेर्दा बजेट अनुत्पादक क्षेत्रमा धेरै छुट्याएको देखिन्छ, त्यसले गर्दा पनि कार्यान्वयन हुन सकेको छैन," उनले भने। सरकारले उत्पादनमुखी योजना बनाएर जानुपर्ने भन्दै योजना अनुगमनलाई ध्यान दिन सके बजेट कार्यान्वयन हुन सक्ने उनको भनाइ छ।

मध्यपश्चिम विश्वविद्यालयका विज्ञान सङ्कायका डिन डा सुदीप ठकुरी बजेट खर्च सक्ने क्षमता नभएकै कारण बर्सेनि कर्णालीमा बजेट कार्यान्वयन हुन नसकेको बताउँछन्। "बजेट खर्च गर्न सक्ने क्षमता नै कम भएको हो, अर्को भनेको हाम्रो प्रथामिकताभन्दा पनि हचुवाको भरमा बजेट निर्माण गर्ने प्रवृत्तिले पनि खर्च प्रभावित भएको हो," उनले भने। प्रक्रियागत र कानूनी झन्झटका कारण पनि आयोजनाले गति लिन नसकेको उनको बुझाइ छ।

### योजना बैंकको खोजी

जनशक्ति अभाव पनि बजेट कार्यान्वयन नहुनुको प्रमुख कारण रहेको कर्णाली प्रदेशसभा सदस्य एवं पूर्वआर्थिक मामिला तथा योजनामन्त्री वेदराज सिंह बताउँछन्। "जनशक्ति अभावका कारण समयमा बोलपत्र आह्वान हुँदैन, समयमा बोलपत्र आह्वान नहुँदा निर्माणदेखि समयमा रकम निकासा नहुने जस्ता सबै कुरामा असर पर्छ," उनले भने।

यसबाहेक अध्ययनविना योजना बनाउने परिपाटीले बजेट कार्यान्वयनमा समस्या आइरहेको उनको बुझाइ छ। उनले भने, "तल्लो निकायले प्राथमिकीकरण गरेका, सम्भाव्यता अध्ययन पूरा गरिसकेका योजनालाई मात्र समावेश गरेर अगाडि बढ्ने संस्कार बसाल्न सकियो भने मात्रै पनि दोहोरोपनको पनि कमी रहन्छ भने योजना कार्यान्वयन समयमैं हुन्छ।"

यसका लागि योजना बैंक बनाउनु उपयुक्त हुने उनको सुझाव छ। "योजना बैंक बनाएर त्यसबाट मात्रै जनप्रतिनिधिले योजना छनोट गर्ने मापदण्ड बनाउन सक्नुपर्छ, योजना तर्जुमाको नीति नै परिवर्तन गरेर एउटा 'बास्केट'बाट मात्रै तान्ने व्यवस्था गरिनुपर्छ, यसले योजना 'डुप्लिकेशन' हुँदैन र कार्यान्वयन पनि हुन्छ," सिंहले भने।

मुख्यमन्त्री यामलाल कँडेलले कार्यकालको सुरुआतदेखि नै समयमैं बजेट कार्यान्वयन हुने र विगतमा खर्च नहुने प्रवृत्ति हटाउने बताउँदै आएका छन्। उनले त्यही अनुसार मन्त्री र कर्मचारीसहित मातहतका निकायलाई विभिन्न निर्देशन जारी गरेका छन्।

### बेरुजू फछ्र्योटमा सुधार

महालेखापरीक्षकको प्रतिवेदन अनुसार कर्णालीमा आव २०८०/८१ मा मात्रै रु ९६ करोड ७७ लाख ५२ हजार बेरुजू देखिएको छ। हालसम्म कर्णाली प्रदेश सरकारको बेरुजू रु चार अर्ब ३४ करोड १५ लाख छ। त्यसमा रु एक अर्ब ३८ करोड बेरुजू फछ्र्योट भएको देखिएको छ। प्रदेशसभा सार्वजनिक लेखा समितिले बेरुजू फछ्र्योटमा प्रगति भएको प्रतिवेदन सार्वजनिक गरिसकेको छ।

समितिका सभापति जीतबहादुर मल्लले प्रदेश सरकारको रु चार अर्ब ३४ करोड १५ लाख कुल बेरुजूमध्ये समितिले रु एक करोड ३८ लाख फछ्र्योट एवं सम्परीक्षण गर्न सफल भएको बताए। अब प्रदेश सरकारको बेरुजू रु तीन अर्ब ९४ करोड ८२ लाख रहेको छ।

अनियमित ढङ्गले खर्च गर्ने प्रवृत्तिका कारण बेरुजू बढ्दै गएको विज्ञहरू बताउँछन्। आर्थिक कार्यविधि र नियमावली अनुसार नै बजेट खर्च गर्नुपर्ने भन्दै यसो गर्दा बेरुजू कम गर्न सकिने उनीहरूको सुझाव छ।

# ऐतिहासिक बाघभैरव थानीमाई मन्दिरको संरचना उपेक्षामा

प्रस, निजगढ, ६ मङ्सिर/

निजगढ नगरपालिका–४ पुरानोटोल बागदेवस्थित ऐतिहासिक बाघभैरव पानी बग्ने गरिरहे पनि अहिले पहिलेको भन्दा अलि कम पानी झरिरहेको उनले बताए । नागदेवताको थान तत्कालीन उपप्रधानपञ्च हीरासिंह खड्काले स्थापना गरेको बताइन्छ । २०१५ सालभन्दा अघि



थानीमाई मन्दिर क्षेत्रलगायत त्यहाँ रहेका संरचनाहरू वर्षौंदेखि उपेक्षामा पर्दै आएका छन् । स्थानीय तथा बाह्य पर्यटकहरूका लागि ऐतिहासिक र आकर्षक मनोरम पर्यटकीय क्षेत्र रहेको यहाँ पार्क बनाउन सकिने सम्भावना रहे पनि स्थानीय तहले यसमा चासो नदेखाउँदा अहिलेसम्म उपेक्षाको शिकार भएको हो ।

विश्वको कान्छो पर्वत शृङ्खला चुरे फेदमा रहेको यो स्थानमा जरुवा पानी रहेको र त्यस बेला काठको डुँड बनाएर खानेपानीको जोहो गरिन्थ्यो । काठको डुँड पुरानो भएपछि २०५५ सालमा देउँसीभैलो खेलेर सङ्कलन भएको सात हजार तीन सय रुपैयाँबाट सिमेन्टको डुँड हालेर धारा बनाएको र सरसफाइ गरिएको देउँसीभैलो समूहका अध्यक्ष धनपति तिमल्सिनाले बताए । सोही वर्ष पूजाआजा र मेलासमेत लगाएको उनले जानकारी गराए ।

२०५० साल अघि निजगढमा पिउने पानीको हाहाकार हुँदा लगभग सडकटोल बस्तीदेखि माथिल्लो भेगका लगभग आठ सयभन्दा बढी घरधुरीको पिउने पानीको मुख्य स्रोत नै यही पानीको धारा भएको स्थानीय रुद्रनाथ तिमल्सिना बताउँछन् । चुरे पहाडको गर्भभित्रबाट अटुटरूपमा हिउँद, सुक्खा याममा पनि यहाँको पानीको स्रोत नसुक्ने भएकोले त्यस बेलामा चन्द्रशम्शेर राणा तराईको चारकोशे झाडीमा शिकार खेल्न आउँदा यही विश्राम लिने, यही जरुवा धाराको पानी पिउने गरेको स्थानीय ८३ वर्षीय इन्द्रप्रसाद तिमल्सिनाले बताए ।

उनी भन्छन्– यहाँको पानी पिउँदा आत नै शीतल भएर आउँछ । पानी स्वादिलो पनि छ । अझै गर्मीयाममा खेतबारीमा काम गर्दा, गोठाला जाँदा, घाँसपात ल्याउँदा प्यास लागेको बेला यो धाराको पानी पिउँदा निकै आनन्द हुने गरेको उनी सम्झन्छन् ।

पहिले तराईमा औलो रोगको महामारीले अकालमा धेरै मानिसको ज्यान जाने गरेको थियो । त्यस बेला आफ्नो ज्यान जोगाउन चुरे पर्वत शृङखलामा बसोवास गर्ने र अनुकूल मिलाएर त्यहींको खेतीयोग्य जमीनमा खेतीपाती गर्दै आएका थिए । १९८२ सालतिर चुरे पहाड डाँडा बागदेवबाट खेतीपाती गर्न बिस्तारै मानिसहरू फेदतिरझरेकै कारण अहिले घनाबस्ती बस्न सम्भव भएको स्थानीय बूढापाकाहरू बताउँछन् ।

अटुटरूपमा झरिरहने पानीको धारा माथिल्लो भागमा लगभग २०३२ सालतिर बाघभैरव थानीमाई देवी रूखको फेदमा स्थापना भएको स्थानीयहरूको भनाइ छ । शुरूका वर्ष तामाङ समुदायका स्थानीय विष्णुलाल लामाले थानीमाईको पूजा गर्दै आएकाले पुस्ता हस्तान्तरण गरी हाल पनि उनकै जेठा छोरा सुकदेव घलान पुजारी रहेको स्थानीय भीमबहादुर कार्कीले बताए । पुजारी घलानलाई प्रत्येक घरधुरीले बर्सेनि एक पाथी धान दिने पुरानो चलन अहिले पनि कायम रहेको स्थानीय रामकुमार सिग्देल बताउँछन् ।

चुरे पहाडसँगै फेद आसपासमा करीब पाँच बिघा क्षेत्रफल रहेको यो क्षेत्रमा धनेश्वर महादेव मन्दिर, अशोक वाटिका पोखरी स्थानीय समाजसेवीहरूले चन्दा सङ्कलन गरी निर्माण गरेका थिए । शहीद हीरालाल पार्कको क्षेत्र छोएको यस क्षेत्र धेरै वर्ष पहिल्यै निर्माण गरिएका मठमन्दिर र अन्य संरचनाहरू जीर्ण हुँदै गएका स्थानीय पार्वती तिमल्सिना बताउँछिन् ।

यहाँको प्राकृतिक भूबनोट अनुसार संस्कृति, कला र सभ्यतालाई झल्काउने मठमन्दिर, पार्कलगायतका संरचना निर्माण गर्न सके आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण बढ्ने स्थानीय इन्द्रबहादुर विक बताउँछन् ।

# गढीमाई मेलाको लागि ठाउँठाउँमा होर्डिङबोर्ड लगाइँदै

प्रस, परवानीपुर, ६ मङ्सिर/

विश्वप्रसिद्ध गढीमाई मेलाको प्रचारप्रसारको लागि बिहीवार विभिन्न ठाउँमा होर्डिङबोर्ड लगाइएको छ । प्रचारप्रसार उपसमितिले गढीमाई मेलाको प्रचारप्रसारको लागि होर्डिङबोर्ड ठाउँठाउँमा जडान गर्न शुरू गरेको हो । उपसमितिले ठोरी, पथलैया, वीरगंजलगायतका ठाउँमा बोर्ड लगाएको छ ।

विश्वप्रसिद्ध गढीमाई मेलाको प्रचारप्रसारको लागि अन्य प्रमुख नाकाहरूमा बोर्ड लगाउने उपसमितिले जनाएको छ । कोशी प्रदेशको विराटनगर, कोशी ब्यारेज पुल र सीमावर्ती क्षेत्रमा होर्डिङबोर्ड जडान गर्न बाँकी रहेको छ भने मधेस प्रदेशका जनकपुर, निजगढ, अमलेखगंज, बागमती पुललगायतका ठाउँमा बोर्ड जडान गर्ने योजना रहेको



जनाइएको छ । यस वर्षको गढीमाई मेलामा उल्लेख्य दर्शनार्थी आउने गढीमाई मेला मूल व्यवस्थापन समितिले जनाएको छ । विश्वमैं सबैभन्दा ठूलो पशुबलि मेलाको रूपमा गढीमाई मेलालाई चिन्ने गरिन्छ ।




### ३०६ जना ...

प्रत्येक महीना सञ्चालन हुँदै आएको यस कार्यक्रमबाट बालबालिकाको प्रतिरक्षा प्रणाली बढ्नुका साथै उनीहरूको रोग प्रतिरोधात्मक क्षमता बढ्ने, पाचनशक्ति बढ्ने, शरीरमा बल प्रदान गर्नुका साथै समग्र स्वास्थ्यस्थिति राम्रो बनाउने गर्छ । यसले निमोनिया, झाडापखाला लाग्न नदिनुका साथै तौल नबढ्नेजस्ता समस्याबाट समेत छुटकारा दिने गरेको डा गुप्ताले बताए ।

उनले भने– स्वर्णबिन्दु थोपाले बालबालिकालाई कुनै नकारात्मक प्रभाव पार्दैन । स्वर्णबिन्दु आयुर्वेदका विज्ञ चिकित्सकले सुरक्षित तवरले तयार पारिएको आयुर्वेदिक औषधि भएको र चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मीको सल्लाहमा थोपा खुवाउने गरिएको प्रमुख डा गुप्ताले बताए ।

उनले बालबालिकाहरूलाई स्वर्णबिन्दुको थोपा खुवाएको आधा घण्टासम्म कुनै पनि प्रकारको खानेकुरा नखुवाउने र यस अवधिमा आमाले आफ्नो दूध पनि सेवन गराउन नहुने बताए । उनले स्वर्णबिन्दुको थोपा खुवाएर त्यसको कुनै विकृत असर देखिए अविलम्ब चिकित्सकको सल्लाह लिन सुझाए । बिहीवार कार्यालय परिसरमा आयोजित स्वर्णबिन्दु कार्यक्रममा ३०६ जना बालबालिका सहभागी भएको उनले बताए । उनले एकदेखि पाँच वर्ष उमेर समूहका बालबालिकाहरूलाई सन्तुलित आहार सेवन गराउन सुझाए । साथै यो उमेर समूहका बालबालिकाहरूलाई टेलिभिजन र मोबाइलबाट टाढा राख्नु उचित हुने बताए ।

कार्यक्रममा डा शिवम जैसवाल, डा नम्रता जैसवाल, प्रशासन प्रमुख नागेन्द्रप्रसाद पटेल, दिनेश साह, सङ्गीता कुमारीलगायत स्वास्थ्य स्वयंसेविकाहरूले सहयोगी भूमिका निर्वाह गरेका थिए ।

# खेलकूदको संसार

## कर्पोरेट सुपर सिक्स क्रिकेटः ओम्नी विजयी

प्रस, वीरगंज, ६ मङ्सिर/

वीरगंज महानगरपालिका–१० आदर्शनगर रङ्गशालामा जारी कर्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीवार सम्पन्न खेलमा ओम्नी ग्रुप विजयी भएको छ ।

आजको खेलमा गरिमा विकास बैंकलाई ३७ रनले हराउँदै ओम्नी विजयी भएको हो । पहिले ब्याटिङ गरेको ओम्नीले



निर्धारित छ ओभरको खेलमा ७३ रन बनाएको थियो । प्रतिउत्तरमा ७५ रनको विजयी लक्ष्यसहित मैदानमा ओर्लिएको गरिमा विकास बैंक निर्धारित छ ओभरमा सबै विकेट गुमाएर ३६ रनमा सीमित भयो । आजको खेलको 'म्यान अफ दी म्याच' ओम्नीका रिकेश यादव घोषित भए ।

लायन्स क्लब अफ वीरगंज र स्पोर्ट्स एकेडेमीको संयुक्त आयोजनामा आदर्शनगर रङ्गशालामा गत शनिवारदेखि कर्पोरेट सुपर सिक्स क्रिकेट प्रतियोगिता भइरहेको छ ।

## आशिफ शेख र साना परवीन सम्मानित

प्रस, परवानीपुर, ६ मङ्सिर/

वीरगंजका राष्ट्रिय क्रिकेट खेलाडीहरूलाई सम्मानित गरिएको छ । वीरगंज स्किन हेयर एन्ड लेजर सेन्टरले बिहीवार दुईजना क्रिकेटर र स्थानीय प्रशिक्षकहरूलाई सम्मान गरेको हो ।

नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीका ओपनिङ ब्याट्सम्यान आशिफ शेख र महिला यू–१९ टोलीकी सदस्य साना पवीनलाई सेन्टरले पुष्प गुच्छा र खादा ओढाएर सम्मान गरेको हो । त्यस्तै, मधेस प्रदेशका यू–१९ का खेलाडी अनुज चौहान, वीरगंजकी स्थानीय महिला क्रिकेटर शिवानी साहलाई समेत सम्मानित गरिएको थियो ।

सोही अवसरमा आशिफ शेखका वीरगंजका स्थानीय प्रशिक्षक जहुर अन्सारी, साना परवीनकी प्रशिक्षक रमिज राजा अन्सारीलाई पनि सम्मानित गरिएको सेन्टरका सञ्चालक कृष्ण झाले बताए । राष्ट्रियस्तरमा खेलको माध्यमबाट वीरगंजलाई चिनाउने खेलाडीहरूको हौसला र मनोबल बढाउन सम्मानित गरिएको उनले बताए ।




उनले ती खेलाडीहरूको छालासम्बन्धी उपचार निश्शुल्क दिने घोषणासमेत गरेका छन् । कार्यक्रममा डा आरपी जायसवाल, डा स्वाती साहलगायतको सहभागिता थियो ।

## शिभाली च्याम्पियन

काठमाडौं, ६ मङ्सिर/रासस

नेपालकी शिभाली गुरुङ इमर्जिङ एथलिट्स जुनियर यू–१४ एशियाली टेनिस प्रतियोगिता अन्तर्गत–सर्किट वानको गर्ल्स सिङ्गल्सतर्फ च्याम्पियन बनेकी छन् ।

सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा भएको फाइनल खेलमा शिभालीले बङ्गलादेशकी हुमीराह हैदरलाई ६–२ र ६–० को सोझो सेटमा पराजित गरिन् ।



शिभालीको यो दोस्रो स्वर्ण हो । यस अघि शिभाली र माल्दिभ्सकी अइसथ करिन सइजनको जोडी गर्ल्स डबल्समा पहिलो भएका थिए । नेपाल टेनिस सङ्घ र एथलिट्स इमर्जिङद्वारा संयुक्तरुपमा आयोजित प्रतियोगिताको ब्वाइज डबल्समा भारतका अभी अग्रवाल र तनीश नन्दाको जोडी पहिलो बने । उक्त जोडीले फाइनलमा भारतका हर्ष मर्वाहा र बङ्गलादेशका मोहम्मद रकिन रहमानको जोडीलाई ७–६ र ६–३ को सोझो सेटमा हराए ।

ब्वाइज सिङ्गल्समा पनि तनीश फाइनलमा पुगेका छन् । सेमिफाइनलमा उनले नेपालका बृजेश अर्याललाई ३–६, ६–१ र ६–२ अङ्कले पछि पार्दै भारतकै अभी अग्रवालसँग फाइनल भेट पक्का गरे । अर्को सेमिफाइनलमा अभीले न्युजिल्यान्डका ज्याक्स रूपमाथि ६–० र ६–३ अङ्कको जीत दर्ता गरेका थिए ।

**जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं**

जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरीः

- अनावश्यक ऊर्जाको खपत नगरौं,
- सुधारिएको चुलो, बायोग्याँस, सौर्य ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रयोग गरौं,
- सकेसम्म विद्युत्बाट चल्ने सवारीसाधनको प्रयोग गरौं,
- वनजङ्गल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनर्प्रयोग, पुनर्प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कम्पोस्ट मल बनाऔं,

**आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड